ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी

मासिक पत्रिका

GAURI MASIK

वर्ष १८, अङ्क ६, २०७९ फागुन, पूर्णाङ्क २०२

गौरी २०२ औँ थुँगा

महाशिवरात्री २०७९ विशेष

सुमार्गी भवन
बनकाली, पशुपति
सम्पर्कः ९८०८५८३७००
शुभकार्य (शुभ विवाह, शुभव्रतवन्ध, चौराशीपूजा, लाखवत्तीपूजा), नेपाली सांस्कृतिक कार्यक्रमहरु, एवम् सभा, सेमिनार गोष्ठी सम्मेलन गर्नु परेमा साथै भागवत् सप्ताह लगायत कुनै पनि कार्यको लागि हामीलाई सम्झनुहोस् ।
हामीकहाँ शुद्ध शाकाहारी भोजनको मात्र व्यवस्था हुनेछ ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
उप-सम्पादक
बिना अधिकारी
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
साजसज्जाः बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

पूर्वाञ्चल प्राप्ति स्थान-
वैदिक संस्कार तथा सामग्री प्रतिष्ठान
विर्तामोड, झापा ।
फोन- ०२३-५४४४४९

पश्चिमाञ्चल प्राप्ति स्थान
लुम्बिनी पूजा सामग्री प्रतिष्ठान, बुटवल
फोन- ०७१-५४३४०१

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १८, अङ्क ६, २०७९, पूर्णाङ्क २०२

फागुन २०७९

सोमबार	१	८	१५	२२	२९
मङ्गलबार	२	९	१६	२३	३०
बुधबार	३	१०	१७	२४	गौरी
बिहीबार	४	११	१८	२५	गौरी
शुक्रबार	५	१२	१९	२६	गौरी
शनिबार	६	१३	२०	२७	गौरी
आइतबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

कर्मयोग, भक्तियोगको महिमा र ध्यानविधि

भगवान् श्रीकृष्णले भन्नुभयो– उद्धव ! प्रलयको समयमा यो वेदवाणी लुप्त भएको थियो । यसको उपदेश मैले पुनः ब्रह्मालाई दिएँ । यिनमा मेरो भागवतधर्मको नै वर्णन छ । सबै मानिसका स्वभाव र वासनाहरू भिन्नाभिन्नै छन्, यस कारण तिनका बुद्धिहरूमा पनि भिन्नता छ । ती सबै आआफ्ना रूचिअनुसार वेदवाणीका भिन्नाभिन्नै अर्थ गर्छन् र त्यसैअनुसार आत्मकल्याणका अनेक साधन भन्छन् । तर ती सबै कर्म नै हुन् र कर्महरूको फल दुःख नै हो । तर जस्तै प्रज्वलित अग्निले काठका रासलाई पनि डढाएर भस्म गरिहाल्छ, त्यसैगरी मेरो भक्तिले पनि समस्त पापराशिलाई पनि डढाएर भस्म गरिहाल्छ । योगसाधना, ज्ञानविज्ञान, धर्मानुष्ठान, जप, पाठ र तप, त्याग आदि साधन मलाई प्राप्त गराउनमा त्यति समर्थ छैनन्, जति नित्य प्रेम र मेरो अनन्य भक्तिले छ ।

मेरो भक्तिले दुष्टभन्दा पनि दुष्टलाई पवित्र गरिदिन्छ । जो भक्तिले वञ्चित छन्, तिनका चित्तलाई सत्य, दया, धर्म र तपले पनि राम्ररी पवित्र गर्न सक्तैनन्, जस्तै आगोमा तताएपछि असल सुनले आफ्नो मल त्यागेर शुद्ध रूपमा आउँछ, त्यस्तै मेरा भक्त भक्तियोगद्वारा कर्मवासनाहरूबाट मुक्त भएर मलाई नै प्राप्त गरिहाल्छन् । यस कारण तिमी पनि अरू सबै साधनहरूलाई त्यागेर तिनका फलहरूको चिन्तन छाडिदेऊ ।

अब म भक्तिको सजिलो साधन भन्छु । जसले मेरो भक्ति गर्न चाहन्छ, त्यसले मेरो कथामा श्रद्धा राखोस्, निरन्तर मेरा गुणहरू, लीलाहरू र नामहरूको सङ्कीर्तन गरोस् र मेरो स्तुति गरोस्, त्यसले मेरा भक्तहरूको पूजा मेरो पनि पूजाअर्चनाभन्दा बढी सम्झोस् र समस्त प्राणीहरूमा मलाई नै देखोस् । आफ्नो एकएक अङ्गको चेष्टा केवल मेरा निम्ति मात्र गरोस् र आफ्नो मन पनि मलाई नै अर्पण गरिदेओस् । मेरा निम्ति उसले धन, भोग र सुखहरूलाई पनि त्यागिदेओस् । यज्ञ, दान, जप, व्रत र तप जे त्यसले गरोस ती सबै मेरै प्रीतिका लागि होस् । जुनकुनै साधनले मेरो भक्ति गरोस् । त्यही धर्म हो । जसबाट ब्रह्म र आत्माको एकताको साक्षात्कार होस त्यही ज्ञान हो । विषयहरूबाट अलग्ग रहनु नै परमवैराग्य हो ।

उद्धवजीले सोधे– मुमुक्षुहरूले हजुरको ध्यान कुन रूपले, कसरी र कुन भावले गर्नुपर्छ ?

भगवान् श्रीकृष्णले भन्नुभयो– मुमुक्षुले आसनमा बसेर सबैभन्दा पहिले आफ्नो दृष्टिलाई नासिकाको अग्रभागमा स्थिर गर्नुपर्छ । अनि बिस्तारबिस्तार प्राणायामको अभ्यास गर्दै इन्द्रियहरूलाई जित्नुपर्छ । 'ॐकार'को हृदयमा चिन्तन गर्दै साधकले घण्टानाद स्वरलाई स्थिर गरोस् र त्यस स्वरको निरन्तरतालाई टुट्न नदेओस् । यसरी मेरा स्वरूपको ध्यान प्रतिदिन गर्दै रहनुपर्छ । जसै चित्त समाहित हुन्छ अनि जस्तै एउटा ज्योतिसित अर्को ज्योति मिलेर एउटै भइहाल्छ, त्यस्तै जीवले आफूमा मलाई र म सर्वात्मामा आफूलाई अनुभव गर्न थाल्छ ।

जसले मेरा स्वरूपमा आफ्नो चित्त पूर्णरूपमा स्थिर गरिदिएको छ, त्यसले जे पनि सङ्कल्प गर्छ त्यो सिद्ध भइहाल्छ । जस्तै पानीद्वारा पानीमा रहने प्राणीहरूको नाश हुँदैन, त्यसै गरी योगमय शरीरलाई आगो, पानी आदि कुनै तत्त्वले पनि नष्ट गर्न सक्तैन । जसले योगधारणाद्वारा मेरो उपासना र मेरो चिन्तन गर्छ, त्यसलाई सारा सिद्धिहरू प्राप्त भइहाल्छन् । तर भक्तियोग अथवा ज्ञानयोगका साधकका निम्ति सिद्धिहरू विघ्नरूप नै हुन् । सिद्धिहरू त योगसाधनाद्वारा पाइहालिन्छ, तर मेरो सारूप्यविना ममा चित्त लगाई, कुनै पनि अन्य साधनद्वारा प्राप्त हुन सक्तैन । सबै साधनहरूको एक मात्र म नै आदिहेतु, नियन्ता र प्रभु हुँ ।

भगवान्‌का विभूतिहरूको वर्णन

उद्धवजीले पुनः निवेदन गरे– भगवन् ! ठूलाठूला ऋषिमहर्षिहरू हजुरका जुन रूपहरूको र विभूतिहरूको उपासना गरेर सिद्धि पाउँछन्, तिनको हजुर निरूपण गरिदिनुहोस् ।

भगवान्‌ले आफ्ना विशिष्ट विभूतिहरूको वर्णन गर्दै भन्नुभयो– उद्धव ! जतिखेर कुरूक्षेत्रमा कौरवहरूको र पाण्डवहरूको भीषण युद्ध भइराखेको थियो, त्यतिखेर अर्जुनले पनि मसित यही प्रश्न गरेका थिए । क्रमशः

सम्पादकीय

मापदण्डको अवहेलना

पावन पशुपतिनाथ मन्दिर अवस्थित पशुपति क्षेत्र विश्वका करोडौं ओमकार परिवारको आस्थाको केन्द्र र अन्य धर्मावलम्बीहरूको समेत अनुसन्धान र अवलोकनको क्षेत्र हो । पशुपति क्षेत्रलाई संयुक्त राष्ट्र संघ अन्तरगतको एक अङ्ग युनेस्कोले सन् १९७९ मा 'विश्व सम्पदा'मा सूचिकृत गरेको छ । पशुपति क्षेत्रको सयौं मूर्त एवम् अमूर्त सम्पदाले गर्दा यो क्षेत्र 'विश्व सम्पदा'मा समावेश हुन पुगेको हो । कुनै पनि राष्ट्रको विशेष सांस्कृतिक महत्व राख्ने वन, पहाड, ताल, द्विप, स्मारक, भवन या शहर जस्ता धरोहरहरूलाई युनेस्कोले विश्व सम्पदामा सूचिकृत गर्ने गर्दछ ।

कुनै राष्ट्रले आफ्ना सम्पदालाई विश्व सम्पदामा समावेश गर्न निवेदन दिएकै भरमा सम्भव हुँदैन । यसको पनि एउटा आफ्नै विधि र प्रकृया हुन्छ । युनेस्कोको एउटा छुट्टै निकाय विश्व सम्पदा समितिद्वारा चयन गरिएपछि मात्र कुनै पनि देशको सम्पदा 'विश्व सम्पदा'मा समावेश गरिन्छ । 'विश्व सम्पदा' क्षेत्रको रेखदेख युनेस्कोको कै तत्वाधानमा हुने गर्दछ । यसले कतिपय अवस्थामा त्यस्ता सम्पदाहरूको संरक्षणमा आर्थिक सहयोग पनि गर्ने गर्दछ । 'विश्व सम्पदा'मा समावेश गरिसकेपछि उक्त क्षेत्रको संरक्षणमा अपनाउनुपर्ने निश्चित मापदण्ड पनि तोकिएको हुन्छ । मापदण्ड विपरीतका कार्य भएमा युनेस्कोले शुरुमा सचेत गराउने गर्दछ भने त्यसलाई पुनः नसच्याइएमा सम्पदा सूचिबाट हटाउन पनि सक्दछ ।

पछिल्ला समय यहाँका सम्पदामा संरक्षक निकाय पशुपति क्षेत्र विकास कोषकै निसानामा परेका छन् । कुनै सम्पदा पशुपतिनाथको प्राङ्गण विस्तारको नाममा नष्ट गरिएका छन् त कुनै सम्पदा पुनर्निर्माणकै क्रममा बेवास्ता गरिएका छन्, भने कुनै सम्पदा पुनर्निर्माणको क्रममा स्वरूप नै परिवर्तन गरिएको छ । हाम्रा पुर्खाको गौरवलाई यथावस्थामा संरक्षण गर्न सकिएन भने एकातिर हाम्रो पहिचान मेटिने छ भने विश्व सम्पदाबाट हट्ने त्यत्तिकै सम्भावना छ । तसर्थ सम्पदा संरक्षणमा विशेष सावधानी अपनाऔं । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

हे आकाश ! .... मुना धिताल, अर्याल ४

उपदेश

राष्ट्र रक्षा श्रीमज्जगद्गुरु शङ्कराचार्य.... ५

व्यक्ति/व्यक्तित्व

जगद्गुरू.....उद्धवप्रसाद भट्टराई (चैतन्यदीप) ८

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ११

आध्यात्मिक वार्ता

मातृभावले...... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' १३

कविता

खोज प्रदीप सुवेदी १५

शिवरात्रि विशेष

◆ हाम्रो संस्कार.... विजयराज न्यौपाने १६

◆ अन्तरवार्ता

महाशिवरात्रि पर्व...... नारायणप्रसाद सुवेदी १७

◆ विश्व .... सहप्रा. डा. विनुबाबा अर्याल २०

◆ लोक कल्याणकारी.... घनश्याम कोइराला २४

◆ शिवरात्रिलाई.... हरिप्रसाद सोडारी २७

◆ राष्ट्रदेव.... आचार्य ढुण्ढिराज न्यौपाने ३०

परम्परा

पशुपति क्षेत्र..... शङ्करमान भण्डारी ३१

गतिविधि ३५

हे आकाश तँ बर्षिदे !

मुना घिताल, अर्याल

हे आकाश तँ बर्षिदे धरणिमा कालो पखाली कन
हे आकाश तँ खोलिदे घनघटा झुल्कोस् उज्यालो दिन ।
छन् छ्याप्छ्याप्ति यता उता नकचरा मान्छे धरा धाममा
त्रासै त्रास छ रातमा दिवसमा राँको बली आँतमा ॥

गिद्धे नेत्र लिएर घुम्छ चिलझैं हिंसालु मान्छे कति
हे आकाश तँ रोकिदे अब यहाँ गर्दै छ मान्छे खति ।
निर्मोही जन छन् यही भुवनमा रेट्छन् निमोठी गला
छैनन् बुद्ध लुके छिपे क्षितिजमा रोक्तैन कोही कला ॥

यस्ता हिंस्रकका जमात रहँदा पल्क्यो अँध्यारो पना
हे आकाश तँ रोकिदे तिमिरका नाथे छुसी कालिमा ।
नौलो सृष्टि बिहानका मृदुलता आनन्दका सागर
स्रष्टाका सृजना कला र ममता आलोक छन् सुन्दर ॥

हे आकाश तँ फालिदे पवनका कालो र मैलो जति
जा जा बादल दूर जा अलखमा आकाश ढाक्छस् कति ।
संसारै धमिलो हुँदा तमसका बर्सात खेप्छन् जन
हे आकाश तँ छेकिदे मथिकका संग्रामका मन्थन ॥

रित्तो हुन्न अकासका निधि कसै खर्चेर सारा मणि
हे आकाश तँ पोखिदे कनकका झल्झल् सितारा मणि ।
स्रष्टाका प्रिय सृष्टि रे धरणि यो शृङ्गार आलोकको
प्रज्ञा चक्षु नि खोलिदे सुजनका आकाश प्रज्ञानको ॥❖

–हेटौंडा, मकवानपुर

राष्ट्ररक्षा



– पूर्वाम्नाय-गोवर्द्धनमठ-पुरीपीठाधीश्वर-श्रीमज्जगद्गुरू-शङ्कराचार्य स्वामी श्री निश्चलानन्दसरस्वतीजी महाराज

(१) भौगोलिक सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिमा राष्ट्ररक्षाको परमावश्यकता

भौगोलिक सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिमा राष्ट्ररक्षाको परम आवश्यकता छ ।

(२) भौगोलिक पृष्ठभूमिमा राष्ट्ररक्षाको स्वरूप

पृथ्वी, पानी, प्रकाश, पवन र आकाशलाई शुद्ध र सुखद बनाउनका लागि नदी, निर्झर, हिमालय आदि पर्वत, तीर्थस्थल, देवस्थललाई स्वच्छ, शुद्ध, सुन्दर र सम्पन्न बनाउनुपर्दछ । देशको परम्परा प्राप्त सीमाहरू सदा अखण्डित राख्नुपर्दछ । भौगोलिक पृष्ठभूमिमा यो नै राष्ट्ररक्षाको स्वरूप हो ।

(३) सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिमा राष्ट्ररक्षाको स्वरूप

देशमा शील, स्नेह, शुचिता, सुन्दरता, सुमति र सम्पत्तिले सम्पन्न राष्ट्रभक्तहरूले बास गरून् । गोवंश, वैदिक वाङ्मयका विशेषज्ञ विप्र, वेदादि विद्या संस्थान, सत्यवती, सत्यवादी, निर्लोभ, दानशीलजस्ता धरतीधारक मानबिन्दु सदा सर्वदा सर्वथा सुरक्षित रहून् । धर्मनियन्त्रित, पक्षपातविहीन, शोषणविनिर्मुक्त शासनतन्त्रको स्थापना होस् । त्यस प्रकारको उच्चकोटीको उद्देश्य प्राप्तिका लागि व्यासपीठ र शासनपीठका बीचमा सामञ्जस्य बनिरहनुपर्दछ ।

देशका प्रत्येक नागरिकलाई भोजन, वस्त्र, आवास, शिक्षा, स्वास्थ्य, रक्षा, सेवा र न्यायका साथै उत्सव, पर्व, त्यौहार मनाउनका लागि समुचित र सुलभ प्रबन्ध गरिनुपर्दछ । माता, पिता, आचार्य र अतिथिको सम्मान सुरक्षित रहनुपर्दछ । मठ, मन्दिर, शिक्षा, रक्षा, संस्कृति र सेवाकेन्द्रहरू हुनुपर्दछ । देशवासीमा परस्परमा प्रिति रहनुपर्दछ । देशका सबै नागरिकको जीवन सत्य, शील, संयम, स्नेह, धैर्य, सेवा, सद्भावरूप धर्मनिष्ठा र भगवद्भक्तिरूपा ब्रह्मनिष्ठाले समन्वित रहून् । देश र समाजको अहित गर्ने अराजक तत्त्वलाई दमन गर्ने प्रबन्ध विश्वस्तरमै सुलभ रहनुपर्दछ । यो नै सामाजिक र सांस्कृतिक पृष्ठभूमिमा राष्ट्ररक्षाको स्वरूप हो ।

(४) राष्ट्ररक्षार्थ अभियान

एक व्यक्ति स्वयं सुबुद्ध बनोस् र न्यूनतम दशजनालाई सुबुद्ध बनाउने प्रयास गरोस् । एक व्यक्ति स्वयं सत्य, सहिष्णु बनोस् र न्यूनतम दशजनालाई सत्य, सहिष्णु बनाउने प्रयास गरोस् । एक व्यक्ति स्वयं स्वावलम्बी बनोस् र न्यूनतम दशजनालाई स्वावलम्बी बनाउने प्रयास गरोस् । देश गोवंशादि धरतीकाधारक मानबिन्दुहरूको रक्षाका लागि सदैव जागरूक बनिरहोस् ।

(५) राष्ट्ररक्षार्थ सनातन संविधानको आवश्यकता

५.१. हाम्रो आदर्श

निःसन्देह यो सम्पूर्ण जगत सच्चिदानन्दस्वरूप ब्रह्मको प्रशस्त अभिव्यक्ति हो । तसर्थ सम्पूर्ण जगत नै ब्रह्म हो ।[1] हामी अमृत स्वरूप परमात्माका सन्तान हौं ।[2] यो जगत अमृत स्वरूप परमात्माको प्रशस्त अभिव्यक्ति हो । त्यसैले विश्वका सम्पूर्ण प्राणी कुटुम्ब हुन् ।[3] त्यसैले हाम्रो पूर्वीय वाङ्मयमा विश्वको नै कल्याणको कामना गरिएको छ ।[4] यिनै आदर्शका आधारमा उपनिषद्कालीन समाजको स्वरूप प्रस्तुत गरिएको छ । जस्तै– "मेरो जिल्लामा अरूको सम्पत्ति अपहरण र अरूको अधिकारमा रहेको कुनै पनि वस्तुको उपभोग कसैले पनि गर्दैन । आफ्नो अधिकारभित्रको सम्पत्ति वा वस्तु आदिको उपभोग गर्दा पनि यथायोग्य दान वा विनियोग नगरिकन आफ्नो अधिकारको प्रयोग गर्ने व्यक्ति कोही छैन । प्रज्ञाशक्तिशोषक, प्राणशक्तिशोषक, पुण्यशोषक र मादक द्रव्य सेवनकर्ता पनि कोही छैन । कोही अग्निहोत्री अग्निहोत्ररहित छैन । कोही अविद्वान् छैन । कोही पुरूष स्वेच्छाचारी छैन । कुनै

पनि स्त्री स्वेच्छाचारिणी हुने कल्पनै छैन ।[५]

५.२. हाम्रो उद्देश्य

विश्व जगत परमात्माको प्रशस्त र पवित्र अभिव्यक्ति हो । त्यसैले विश्ववन्धुत्वको भावनालाई समादर गर्नुपर्दछ । प्राणीमात्रप्रति अपनत्व राख्नुपर्दछ । मानवमात्रलाई सुबुद्ध, सत्यसहिष्णु र स्वावलम्वी बनाउने अभियान विश्वस्तरमै आवश्यक रहेको छ । त्यसका लागि भोजन, वस्त्र, आवास, शिक्षा, रक्षा, स्वास्थ्य, यातायात, उत्सव, पर्व, त्यौहार, सेवा र न्यायको समुचित व्यवस्था सबैलाई सुलभ हुनु आवश्यक छ ।

५.३. हाम्रो दर्शन

सम्यक् दर्शन सम्पन्न भई कर्म गर्ने व्यक्ति कर्मको बन्धनमा पर्दैन । दर्शनविहिन भएर कर्म गर्ने व्यक्ति संसारको बन्धनमा पर्दछ ।[६] गतिको अन्त्य नै स्थिति हो । गतिको सार्थकता पनि स्थितिमा सन्निहित रहन्छ । त्यसै गरी प्रवृत्तिको अवसान निवृत्ति हो । प्रवृत्तिको सार्थकता पनि निवृत्तिमै रहन्छ, किनभने प्रवृत्ति पुनरावृत्ति हो र निवृत्ति परमा गति हो । प्रवृत्तिलाई विधिवत् अवलम्बन गरेर मानवले निवृत्तिको लाभ लिन सकोस् भन्ने आशयले प्रजापति ब्रह्माजीद्वारा प्रवृत्तिरूप धर्मको उपदेश भएको हो, तर प्रवृत्तिलाई निवृत्तिमा पर्यवसान गर्न नसक्ता प्रवृत्तिधर्मको फलस्वरूप पुनरावृत्ति पनि निश्चित नै हुन्छ, अर्थात जन्म मृत्युको अनादि परम्परा कायमै रहनेछ । निवृत्तिरूप धर्मद्वारा परमगति प्राप्त हुन्छ । निवृत्तिरूप धर्मधारी व्यक्ति शाश्वत अव्यक्त ब्रह्मस्वरूप नै हुन्छ । ऊ पुरूषसंज्ञक जीवात्मा र सनातन परमात्मालाई यथार्थरूपले जान्दछ, र तृष्णारहित भएर कर्म गर्दछ, अतः मोक्ष प्राप्त गर्दछ ।[७]

५.४. हाम्रो अभियान

दर्शन, विज्ञान र व्यावहारिक पृष्ठभूमिमा वैदिक वाङ्मयमा सन्निहित विश्वविदित प्रशस्त सनातन मानबिन्दुहरूको उपयोगितालाई विश्वस्तरमा सिद्ध गर्नु हाम्रो अभियान हो ।

धर्म, अर्थ, काम, मोक्षरूप पुरूषार्थहरू, उत्पत्ति, स्थिति, निग्रह, अनुग्रहरूप कृत्यहरू, गणित, चिकित्सा, भवननिर्माणसँग सम्बद्धविज्ञान, गोवंश, विप्र, वेद, सत्यवती, सत्यवादी, अलुब्ध, दानशील आदि गुणहरू, संस्कृतसम्बद्ध शिक्षा, गङ्गादि नदीहरू, गीतादि ग्रन्थहरू, गायत्री आदि मन्त्रहरू, हिमालय र सागर आदि पवित्र स्थलहरू, श्रीरामकृष्ण आदि अवतारहरू, अश्वत्थ, तुलसी, रूद्राक्ष, बेल आदि बृक्षहरू, काशी, अयोध्या आदि पुरीहरू, श्रीवसिष्ठ, वाल्मीकि तथा व्यासादि महर्षिहरू, सत्य, दया, सेवा, संयम, सद्भाव, स्नेह, सहानुभूति आदि शीलहरू र परम्पराबाट प्राप्त वर्णाश्रम व्यवस्था एवम् सर्वधारक पञ्चभूत, प्रकृति र परमात्मालाई सनातनी हिन्दुहरूको पवित्र तथा प्रशस्त मानबिन्दु मानिएको छ ।

५.५. विश्वस्तरीय राजनीतिको स्वस्थ परिभाषा

अरूको हितलाई ध्यानमा राख्दै हिन्दुहरूको अस्तित्व र आदर्शको रक्षा, देशको सुरक्षा तथा अखण्डतालाई शिरोपर गरी नेपाल तथा भारतमा राजनीतिको प्रशस्त परिभाषा निर्धारित गर्नुपर्ने आवश्यकता रहेको छ । त्यसै गरी अरूको हितलाई ध्यानमा राख्दै आ–आफ्नो अस्तित्व र आदर्शको रक्षा, देशको सुरक्षा तथा अखण्डताका लागि विश्वस्तरमा राजनीतिको प्रशस्त परिभाषा निर्धारित गर्नुपर्ने आवश्यकता रहेको छ ।

५.६. आचारसंहिता

नेपाल तथा भारतका प्रत्येक समुदायले पालना गर्नुपर्ने आचारसंहितालाई दशवटा बुँदामा प्रस्तुत गरिएको छ ।

१) शील, स्नेह, सुमति, शुचिता तथा सम्पत्तिले सम्पन्न हिन्दु आफ्नो अस्तित्व र आदर्शको रक्षा गर्दै सबैको हितमा तत्पर रहून् ।

२) हिन्दुहरूमा अनादि परम्पराबाट प्राप्त वेदादिशास्त्रहरूप्रति, पूर्वजन्म तथा पुनर्जन्मप्रति, ईश्वर तथा ईश्वरका अवतार श्रीरामकृष्णादिप्रति आस्था र अवतारविग्रह एवम् तिनका अभिव्यञ्जक संस्कृति, शिक्षा, रक्षा, समृद्धि तथा सेवाका केन्द्रहरू मठ, मन्दिरहरूप्रति निष्ठा सुरक्षित राख्नु सबैले आफ्नो परम कर्तव्य ठानून् ।

३) गोवंश, गङ्गा, आध्यात्मिक मनीषि आदि हिन्दुहरूका विश्वपोषक, परमपोषकपवित्र मानबिन्दुहरू र हिन्दुहरूका अनादि परम्पराबाट प्राप्त आस्थालाई अक्षुण्ण राख्ने दिशामा सबैको पवित्र प्रयास रहिरहोस् ।

४) हिन्दुहरूलाई गर्भपात, धर्मान्तरण जस्ता कुचक्रद्वारा अल्पसंख्यक बनाउने अल्पकालीन र दीर्घकालीन

प्रयासप्रति समयमै सचेत रहनु सबैको परम कर्तव्य हुनआउछ ।

५) उदारता र सहिष्णुताका नाममा शान्तिको उपदेश दिएर हिन्दुहरूको अस्तित्व र आदर्शमाथि कुठाराघात गर्ने कुत्सित प्रयासप्रति बेलैमा सचत रहनुपर्दछ ।

६) हिन्दुहरूलाई अल्पसंख्यक बनाएर देशलाई विखण्डित बनाउने उद्देश्यले सेवा र सुविधाका नाममा शासनतन्त्र र तिनका विभिन्न निकाय, पदाधिकारीहरू र सामाजिक कार्यकर्ताहरूले दाननीतिको दुरूपयोग नगरून् ।

७) भय र दमनको आलम्बनद्वारा हिन्दुहरूलाई धर्मान्तरण आदि प्रकृयाप्रति प्रोत्साहित गर्नु दण्डनीतिको दुरूपयोग हो । अतः यसप्रति सचेत रहनु सबैको पवित्र दायित्व हुनआउँछ ।

८) विश्वहितमा समर्पित अनादिपरम्पराप्राप्त सनातन वर्णधर्मप्रति आस्थान्वित हिन्दुहरूप्रति भेदभावको नाममा सत्तालोलुपता र अदूरदर्शिताबाट वशिभूत शासनतन्त्र तथा दिशाहीन प्रचारतन्त्रद्वारा विभेद पैदा गर्ने उद्देश्यले घोर विद्वेष पैदा गर्नु भेदनीतिको दुरूपयोग हो । राजनेताहरूको सत्तालोलुपता र अदूरदर्शितामूलक आरक्षणले प्रतिभा तथा प्रगतिमा अवरोध गरेको छ । प्रवञ्चना र प्रतिशोधको भावना पैदा गरेको छ । परतन्त्रता पर्यवसायी भएको छ । अतः उक्त परिस्थितिसँग सावधान हुनु र वशिभूत नहुनु सबैको पवित्र दायित्व हुनआउँछ ।

९) हिन्दुहरूका अभिन्न अङ्ग सिक्ख, जैन र बौद्धादिका हृदयमा मन्वादि धर्मशास्त्रहरूमा सन्निहित पूर्वजन्म, पुनर्जन्म, परलोक, ॐकार, गोवंश, गङ्गादि नदी, सनातन वंशमा उद्भूत श्रीमान् ऋषभ, श्रीमहावीर, श्रीगौतमबुद्ध र श्रीगोविन्दादिगुरूहरूप्रति आस्थावान् रहँदैआउनु आफैमा एकता र सद्भावप्रतिको प्रेरणा हो ।

१०) (क) श्रीशिवावतार भगवत्पाद आदि शङ्कराचार्यद्वारा परिस्कृत दशविद्या संन्यासी आ-आफ्नो दायित्व निर्वाहमा दक्ष होऊन् । अरण्य, वन र उपवनक्षेत्रमा सरस्वती तथा भारती शिक्षण संस्थाहरूमा पुरी, अयोध्यादि पुरीहरूमा आश्रमहरूमा, तीर्थहरूमा, सागरवर्ती क्षेत्रहरूमा, पर्वत-हिमालय आदि क्षेत्र तथा गिरिक्षेत्रहरूमा संन्यासीहरूले आध्यात्मिक चेतनाको प्रचार प्रसार गरून् ।

(ख) ब्राह्मणले शिक्षा तथा न्यायका क्षेत्रमा, क्षत्रियले शासन तथा रक्षाका क्षेत्रमा, वैश्यले भरण-पोषणका क्षेत्रमा र शूद्रले सेवाका क्षेत्रमा आदर्श प्रस्तुत गरून् । चारित्रिक शिक्षा तथा जीविकोपार्जनसम्बन्धी प्राविधिक शिक्षा सबैले पाउनुपर्दछ । शिक्षा, जीविका तथा विकासका नाममा संयुक्त परिवारको विघटन र सम्पत्ति एवम् समयको दुरूपयोग हुनुहुँदैन ।

(ग) वैदिक एकेश्वर, एकात्मवाद, सर्वात्मवाद र वंशपरम्पराप्राप्त वर्णाश्रमवाद तथा वहुदेववादप्रति अज्ञानवश वा विद्वेषमूलक दुष्प्रचार नहोस्, बरू दार्शनिक, वैज्ञानिक र व्यावहारिक धरातलमा उक्त आदर्शहरूको विश्वशनियता तथा महत्ताका सम्बन्धमा विश्वस्तरमै प्रकाश पारियोस् ।

६. प्रार्थना

विश्वको कल्याण होस् । दुष्टले दुष्टता विनिर्मुक्त भएर प्रमुदित होस् । सबै एक-आपसमा हित चिन्तन गरून् । हाम्रो मन शुभ मार्गमा प्रवृत्त होस् र हामी सबैको बुद्धि निष्काम भावले भगवान् श्रीहरिमा प्रवेश गरोस् ।[८]❖

अनुवादकः सहप्रा. माधवप्रसाद पाण्डे, वाल्मीकि विद्यापीठ

१. "सर्वं खल्विदं ब्रह्म" छान्दोग्योपनिषत्, ३, १४, १ ।

२. "अमृतस्य पुत्राः" श्वेताश्वेतरोपनिषत्, २, ५ ।

३. "वसुधैव कुटुम्बकम्" महोपनिषत्, ६, ७१ ।

४. "स्वस्त्यस्तु विस्वस्य" श्रीमद्भागवत, ५, १८, ९ ।

५. "न मे स्तेनो जनपदे, न कदर्यो न मद्यपो । नानाहिताग्निर्नाविद्वान्, न स्वैरी स्वैरिणी कुतः ॥" छान्दोग्योपनिषत्, ५, ११, ५ ।

६. "सम्यकदर्शनसम्पन्नः कर्मभिर्न निबद्धयते । दर्शनेन विहीनस्तु संसारं प्रतिपद्यते ॥" मनुस्मृति, ६, ७४ ।

७. "प्रवृत्तिर्लक्षणं धर्मं, प्रजापतिरथाब्रवीत् । प्रवृत्तिः पुनरावृत्तिर्निवृत्तिः परमागतिः ॥
निवृत्तिर्लक्षणं धर्ममव्यक्तं ब्रह्म शाश्वतम् । विकारं विकृतिं चैव पुरुषं च सनातनम् ।
यो यथावद्विजानाति स वितृष्णो विमुच्यते । प्रकाशं भगवानेतद् दृषिर्नारायणोऽमृतम् ।
भूतानामनुकम्पार्थं जगाद जगतो गतिः ॥" महाभारत, शान्तिपर्वः, २१७, ४, ३, ३७, ३८ ।

८. प्रार्थना
"स्वस्त्यस्तु विश्वस्य खलः प्रसीदतां, ध्यायन्तु भूतानि शिवं मिथो धिया ।
मनश्च भद्रं भजतादधोक्षजे, आवेश्यतां नो मतिरप्यहैतुकी ॥" श्रीमद्भागवत, ५, १८, ९ ।

जगत्गुरु शङ्कराचार्य
स्वामी निश्चलानन्द सरस्वतीजी महाराज

–उद्धवप्रसाद भट्टराई (चैतन्यदीप)

पुरी पीठका वर्तमान शंकराचार्य, स्वामी श्री निश्चलानन्द सरस्वतीजी महाराजको जन्म बिहार प्रान्तको मिथिलाञ्चलको दरभङ्गा (वर्तमान मधुबनी जिल्ला)को हरिपुर बक्षीटोल भन्ने गाउँमा आषाढ कृष्ण त्रयोदशी, बुधवार रोहिणी नक्षत्र परेको शुभ दिन शुभ समयमा विक्रम संवत् २००० साल तदनुसार इ.सं. ३० जून, १९४३ मा भएको हो। उहाँका पिता पण्डित श्री लालबंशी झा र आमा श्रीमती गीता देवी हुनुहुन्थ्यो। उहाँका बुबा मिथिला परम्परामा संस्कृतका उच्च पदस्थ विद्वान् हुनुहन्थ्यो र मिथिला (दरभंगा राज्य) का तत्कालीन राजाका दरबारी विद्वान् हुनुहुन्थ्यो। स्वामीको अघिल्लो नाम नीलाम्बर थियो, जुन उहाँका दाजु पण्डित श्रीदेव झाले राख्नुभएको हो। उहाँ बाल्यकालदेखि नै अध्ययनशील र बुद्धिमान हुनुहुन्थ्यो। १७ वर्षको उमेरमा उहाँले आफ्नो घर छोडेर जीवन यात्राको शुरूवात गर्नुभएको थियो।

स्वामीजीले आफ्नो पढाइकै समयमा अग्रज पण्डित श्रीदेव झाजीको सत्प्रेरणाबाट दिल्लीमा भएको सर्व वेदशाखा सम्मेलनमा पूज्यपाद धर्मसम्राट स्वामी करपात्रीजी महाराज एवम् श्री ज्योतिर्मठ बदरिकाश्रमका पीठाधीश्वर पूज्यपाद जगद्गुरू शङ्कराचार्य स्वामी श्री कृष्णबोधाश्रमजी महाराजको दर्शन गर्नुभएको थियो। यस अवसरमा उहाँले आफ्नो मनमा पूज्य करपात्रीजी महाराजलाई आफ्नो आध्यात्मिक गुरूको रूपमा स्वीकार गर्नुभयो। स्वामी निश्चलानन्दले बैशाख कृष्ण एकादशी गुरूवार विक्रम संवत् २०३१ तद्नुसार दिनांक १८ अप्रैल १९७४ का दिन हरिद्वारमा लगभग ३१ वर्षको आयुमा पूज्यपाद धर्मसम्राट स्वामी करपात्रीजी महाराजका करकमलबाट संन्यास लिनु भयो। त्यसपछि उहाँको नाम गुरूले 'निश्चलानन्द सरस्वती' राखी दिनुभएको हो। श्री गोवर्धन मठ पुरी, उडिसाका तत्कालीन १४४ औं शङ्कराचार्य पूज्यपाद जगद्गुरू स्वामी निरन्जनदेव तीर्थजी महाराजले स्वामी निश्चलानन्द सरस्वतीलाई आफ्नो उत्तराधिकारी मानेर माघ शुक्ल षष्ठी रविवार वि.सं. २०४८ तद्नुसार दिनांक ९ फरवरी १९९२ का दिन आफ्नै करकमलबाट गोवर्धनमठ पुरीको १४५ औं शङ्कराचार्य पदमा पदासीन गराउनुभएको हो।

सन् १९७६ देखि १९८१ सम्म उहाँले आफ्नो गुरूदेवबाट प्रस्थानत्रयी, पञ्चदसी, वेदान्त परिभाषा, न्याय मीमांसा, तन्त्र र अद्वैत सिद्धि कृतिहरूको गहन अध्ययन गर्नुभयो। १९८२ देखि १९८७ सम्म उहाँले पुरी पीठका तत्कालीन शंकराचार्य स्वामी श्री निरंजनदेव तीर्थजी महाराजको विशेष जोडमा खण्डकाव्य र यजुर्वेदको अध्ययन पनि गर्नुभयो। उनीसँग पाँच चतुर्मास बिताउनुभयो। स्वामी श्री निश्चलानन्दजीको प्रतिभा, सनातन धर्मप्रतिको समर्पण र आफ्ना गुरूहरूप्रतिको अथाह विश्वासबाट प्रभावित भई शंकराचार्य स्वामी श्री निरंजनदेव तीर्थजीले उहाँलाई पुरीस्थित गोवर्धन पीठको शंकराचार्यको रूपमा अभिषेक गराउनुभएको हो।

नैमिषारण्यका स्वामी श्रीनारदानन्द सरस्वतीले उहाँलाई ध्रुवचैतन्य नाम दिएका थिए। उहाँले काशी, वृन्दावन, नैमिषारण्य, बद्रिकाश्रम, ऋषिकेश, हरिद्वार, पुरी, श्रृङ्गेरी मठ आदि विभिन्न स्थानमा वेद र वेदसँग सम्बन्धित विभिन्न शाखाहरूको गम्भिरताका साथ अध्ययन गर्नुभयो। ध्रुवचैतन्यले हिन्दुहरूको आस्थाको प्रतीक मानिने गाईमाथि हुने अत्याचार विरूद्ध कडा संघर्ष गर्नुभयो। धर्म सम्राट करपात्रीजी महाराजको गाई संरक्षणको आन्दोलनमा गाई संरक्षणको वकालत गरेको भन्दै उहाँलाई ९ नोभेम्बर १९६६ देखि ५२ दिन तिहाड जेलमा राखिएको थियो।

भागवतपाद आदि शंकराचार्यले ४८६ ईसा पूर्वको कार्तिक शुक्ल पञ्चमीमा जगन्नाथ पुरीमा गोवर्धन पीठको स्थापना गर्नुभयो। पुरी पीठ ऋग्वेदसँग सम्बन्धित छ। यसको मुख्य प्रवचन विषय वा महावाक्य प्रज्ञानम् ब्रह्म हो। सो समयदेखि शंकराचार्यको अटूट शृत्ला त्यहाँ छ। १४४ शंकराचार्यले पहिले नै पीठ ग्रहण गरिसकेका छन्। पुरीको

पूर्वी दिशाको पीठलाई जगद्गुरू शंकराचार्य निश्चलानन्द सरस्वतीजी महाराजले १४५ औं शंकराचार्यको रूपमा कार्य गर्दै आउनुभएको छ ।

आफ्नो स्वःज्ञान, तपस्या र त्यागमय भूमिकाबाट भरतखण्डे भारत वर्षलाई पुनः विश्वगुरूको रूपमा सुपरिचित गराउन पूज्यपाद जगद्गुरू श्री शङ्कराचार्य स्वामी निश्चलानन्द सरस्वतीजी महाराजको अहम् योगदान रहेकोमा कसैको पनि दुईमत नहोला । उहाँ चर्चित जगद् गुरुको रूपमा स्थापित हुनुभएको कारण देश-विदेशमा उहाँका अनुयायीहरूले प्राकट्य दिवसलाई विशेष उमङ्ग र उत्साहपूर्वक मनाउने गर्दछन् ।



स्वामीजीको प्रारम्भिक शिक्षा बिहार र दिल्लीमा भएको थियो । उहाँले दशवर्षसम्म विज्ञान विषय लिएर विहारमा पढ्नु भयो र दुई वर्षसम्म दिल्लीको एक प्रसिद्ध कलेजमा आफ्ना विशेष अग्रज डा.श्री शुक्रदेव भ्राजीको छत्रछायामा बसेर शिक्षा ग्रहण गरी पढाइ पुरा गर्नुभयो । उहाँ पढाइको साथ साथै कुश्ती, कबड्डी, फुटबल खेलका राम्रो खेलाडी हुनुहुन्थ्यो भने पौडी खेलमा विशेष अभिरूचि राख्नु हुन्थ्यो । विद्यार्थीकालमा बिहार तथा दिल्लीमा रहँदा विद्यार्थी परिषद् छात्रसंघको उपाध्यक्ष र महामन्त्री भई काम गर्नु भयो ।

तिब्बिया कलेज दिल्लीमा पढ्दाखेरि नै उहाँको मनमा संन्यासी जीवनको भावना अत्यन्त तीव्र हुँदैगएको थियो । त्यही प्रभाव प्रगाढ बन्दै गयो र तत्काल कसैलाई नभनी उहाँ पैदल नै काशी पुग्नुभएको थियो । त्यसपछि उहाँले भारतका प्रमुख धर्म स्थानमा बसेर वेद-वेदांग आदिका गहन अध्ययन गर्नुभयो । उहाँले दिल्लीमा भएको देशको अनेक वरिष्ठ सन्त-महात्माहरू एवम् गौभक्तहरूका साथ गौरक्षा आन्दोलनमा पनि भाग लिनु भयो ।

शङ्कराचार्य पदमा प्रतिष्ठित भएपछि उहाँले तुरुन्त 'समस्त मानवको हितलाई ध्यानमा राख्दै हिन्दुहरूको अस्तित्व र आदर्शलाई स्थापित गर्न र देशको सुरक्षा तथा अखण्डता' लाई अक्षुण राख्न र उपयुक्त उद्देश्यलाई प्रामाणित गर्न साथै समस्त आचार्यलाई एकै मञ्चमा ल्याउने कार्यमा महत्त्वपूर्ण भूमिका निभाउँदै अखिल भारतीय राष्ट्र रक्षा अभियानको स्वरुप प्रदान गर्ने दिशामा आफ्नो प्रयास अगाडि बढाउनु भयो । राष्ट्ररक्षाको लागि राष्ट्रव्यापी योजनालाई मूर्तरूप दिलाउने हेतु उहाँले देशका प्रबुद्ध नागरिकका लागि 'पीठ परिषद्' र त्यस अन्तर्गत युवाहरूका लागि 'आदित्य वाहिनी' तथा मातृशक्तिको लागि 'आनन्द वाहिनी' नामको एक संगठनात्मक परियोजना तयार गर्नुभयो । यसै अन्तर्गत बालकहरूको लागि 'बाल आदित्य वाहिनी' एवम् बालिकाहरूको हेतु 'बाल आनन्द वाहिनी' संगठनको व्यवस्था पनि गरिदिनु भयो ।

पूज्यपाद जगद्गुरू शङ्कराचार्य स्वामी निश्चलानन्द सरस्वतीजी महाराजले चैत्र शुक्ल नवमी शनिवार विक्रम संवत् २०४९ तद्नुसार दिनाकं ४ अप्रैल सन् १९९२ को रामनवमीको शुभ अवसरमा श्री गोवर्धनमठ, पुरी उडिसामा 'पीठ परिषद' र उस अन्तर्गत 'आदित्य वाहिनी' को संस्थागत कार्यको शुभारम्भ गर्नुभयो । कलियुगमा संघको शक्ति सन्निहित छ, धर्म, ईश्वर र राष्ट्रलाई जोड्ने कार्य संघद्वारा सम्पन्न होस् भन्ने हेतुले उपरोक्त परिषद्को स्थापना भएको हो ।

ऋग्वैदिक गोवर्धनमठ पुरीपीठको वर्तमान शङ्कराचार्य स्वामी श्री निश्चलानन्द सरस्वतीजी महाराज भारतको एक यस्ता सन्त हुन् जसले आधुनिक युगमा विश्वको सर्वोच्च वैधानिक संगठन संयुक्त राष्ट्रसंघ तथा विश्व बैंकमा प्रवचन गर्ने मौका पाउनु भएको थियो । संयुक्त राष्ट्रसंघले दिनांक २८ देखि ३१ अगस्त, २००० को न्यूयार्कमा आयोजित विश्वशान्ति शिखर सम्मेलन तथा विश्व बैंकले वल्ड फिफ्थ डेवलपमेन्ट डाइलग-२००० मा भएको वाशिंगटन सम्मेलनका अवसरमा स्वामीजीले लिखित मार्गदर्शन दिनुभएको थियो ।

गोवर्धन मठको माध्यमबाट सम्बन्धित स्वस्ति प्रकाशन संस्थानद्वारा क्रमशः विश्व शान्तिको सनातन सिद्धान्त तथा सुखमय जीवन सनातन सिद्धान्त शीर्षकमा सन् २००० मा पुस्तकरूपमा प्रकाशित भयो । वैज्ञानिकहरूले कम्प्यूटर वा मोबाईल फोनदेखि अन्तरिक्ष क्षेत्रमा गरेको आधुनिक आविष्कारमा वैदिक गणितीय सिद्धान्तको उपयोग गरेको पाइन्छ, जुन पूज्यपाद जगद्गुरू शङ्कराचार्य श्री

निश्चलानन्द सरस्वतीजीद्वारा रचित स्वस्तिक गणित नामक पुस्तकमा दिइएको छ ।

स्वामीजी गणित विषयमा समेत विज्ञ हुनुहुन्छ । पूज्यपाद जगद्‌गुरू शङ्‌कराचार्यजी महाराजबाट गणित विषयको अंक पदीयम् तथा गणित दर्शन नामको दुई पुस्तक प्रकाशित भएका छन् । जो विश्व मञ्चमा वैज्ञानिकहरूका लागि विभिन्न क्षेत्रमा नविन आविष्कार गर्नको लागि परिष्कृत मापदण्डको रूपमा स्थापना हुने सम्भावना देखिन्छ । यस्तै स्वामी महाराजका अन्य थुप्रै धार्मिक, आध्यात्मिक र गणित विषयका पुस्तकहरू प्रकाशित भएका छन् ।

धर्म प्राण स्वामी निश्चलानन्द सरस्वतीले भारतमा मात्र आफ्नो तपस्या र ज्ञानको प्रभावलाई प्रज्ज्वल बनाउनु भएन कि उहाँले समस्त मानव र प्राणी हितका खातिर विश्वका विभिन्न स्थानमा गई ज्ञानको ज्योति जगाउनु भएको छ । यस्तै उहाँ नेपालमा पनि विभिन्न समयमा आई हिन्दु धर्म, संस्कृति र मानव चरित्रको प्रवर्द्धनका लागि धर्म प्रचार, ज्ञान हस्तान्तरण तथा आध्यात्मिक ज्ञानोपदेशका थुप्रै कार्य गर्दैआउनु भएको छ । साथै सामाजिक, राजनैतिक तथा धार्मिक क्षेत्रमा विशेष मार्गदर्शन गर्ने कार्य पनि गर्नुभएको छ । उहाँबाट धेरै जसो धर्मप्रेमी भक्तहरू उत्साहित हुने गर्दछन् ।

पूज्यपाद जगद्‌गुरूद्वारा स्थापित पीठ परिषद् र त्यस अन्तर्गत आदित्य वाहिनी एवम् आनन्द वाहिनीका मुख्य उद्देश्य 'समस्त प्राणी हितलाई ध्यानमा राख्दै हिन्दु धर्मको अस्तित्व र उच्च आदर्शको रक्षा गर्नु, देशको सुरक्षा र अखण्डता' लाई बलियो आधार बनाउनुमा नै लक्षित भएको देखिन्छ । पूज्यपाद महाराजको अभियानको मुख्य ध्येय नै मानव मात्रको चरित्र निर्माण, सत्य, सहिष्णुता र स्वावलम्बी बनाउनु हो । पार्टी र पन्थमा विभक्त राष्ट्रलाई एकतामा बाँधी सार्वभौम सनातन सिद्धान्तलाई दार्शनिक, वैज्ञानिक र व्यवहारिक धरातलबाट सबल बनाई धर्म र एकताभावमा आस्थान्वित गराउने कार्यमा मार्ग प्रशस्त होस् भन्ने उहाँको ध्येय छ । साथै सत्तालोलुपता र अदूरदर्शिताले वशीभूत राजनेताहरूको चपेटाबाट देशलाई मुक्त गराउन सकियोस् ।

ती व्यक्तिहरू बडा भाग्यशाली छन् जसलाई विश्वको सर्वोच्च ज्ञानीको रूपमा प्रतिष्ठित महात्माद्वारा चलाइएको अभियानमा सहभागी हुने र जिम्मेदारी निभाउने सुअवसर मिलेको छ । परमपूज्य गुरूदेवको चरणमा कोटि-कोटि नमन तथा भगवान् पशुपतिनाथको कृपा र आशीर्वादबाट उहाँको दीर्घायुष्य एवम् सकल कार्य सफलताको लागि निरन्तर प्रार्थना छ ।❖ -कुमारीगाल, काठमाडौं

(श्रोत सामग्री : गुगल (स्वामी निश्चलानन्द सरस्वती विकिपिडिया)

पूर्वाधार विकास कार्यालय, ललितपुरको अनुरोध

- सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो ।
- सडक सीमा अतिक्रमण गरी घर, टहरा निमार्ण नगरौं ।
- सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौं ।
- सडकमा जम्मा भएको पानी कुनै किसिमबाट निकास गरौं ।
- निर्माण भएका सडक संरचना, पुल नाली, फुटपाथको संरक्षण गरौं ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
मानभवन, ललितपुर



गीता द्वितीय अध्याय

सांख्ययोग

–आचार्य खेमराज केशवशरण

अघिल्लो अंकबाट क्रमशः

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः ।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ।१८।

अन्वयः अनाशिनः अप्रमेयस्य, नित्यस्य शरीरिणः इमे देहाः अन्तवन्तः उक्ताः भारत, तस्माद् युध्वस्व ।

सरलार्थः भरतवंशभूषण हे अर्जुन ! कहिल्यै नाश नहुने कुनै इन्द्रियद्वारा पत्ता लगाउन र प्राप्त गर्न नसकिने सधैं रहिरहने शरीरधारी आत्माका यी शरीरहरू विनाशशील भनी मानिएका छन् । त्यसैले तिमी युद्ध गर ।

भावार्थचन्द्रिकाः यस श्लोकमा देही र देहका बीचमा मूल फरक अविनाशी हुनु र नाशवान् हुनुलाई बताइएको छ । आत्मालाई नित्य र अविनाशी बताइएको छ भने देहलाई अन्तवान् अर्थात् नाशवान् बताइएको छ । यहाँ शरीरीलाई अर्थात् आत्मालाई एक वचनमा र देहलाई चाहिं वहुवचनमा राख्नुको पनि ठूलो रहस्य छ । त्यो के भने आत्मा सधैँ एकै रहेर अनेकौं शरीरहरू यसले धारण गर्दछ । स्थूल, सूक्ष्म र कारण गरी एउटै शरीर तीन रूपमा विभाजित हुने कुरा त अध्यात्म शास्त्रमा विशेष रूपले मान्य नै छ । स्वभाव अथवा प्रकृतिले नै नाशवान् रहेको शरीरको नाश हुँदा शोक गर्नु बुद्धिमानी हुँदैन । आत्मा स्वभावैले अविनाशी छ, त्यसैले त्यसका बारेमा शोक गर्नै पर्दैन । शरीर स्वभावैले नाशवान् भएको हुनाले त्यसको नाश हुने भयो भनेर शोक गर्नु सर्वथा सुहाँउँदैन । आँखा, नाक, जिब्रो, कान, चर्म जस्ता वस्तुको साक्षात्कारमा उपकरण बन्ने इन्द्रियहरूले जसलाई आफ्नो षिय बनाउन सक्दैनन् त्यसलाई अप्रमेय भनिन्छ । आत्मालाई कुनै पनि इन्द्रियले ग्रहण गर्न सक्दैन । आकारको दृष्टिले पनि आत्माको न रंग छ, न रूप छ, न लामो छोटो, डल्लो, बाक्लो वा पातलो भनेर नै भन्न सकिन्छ, न छेउ छ न अन्त छ । यसरी सबै दृष्टिबाट इन्द्रियजन्य साक्षात्कारको विषय बन्न नसक्ने हुनाले अविनासी आत्मा अप्रमेय छ र शरीर चाहिं आज होस् चाहे भोलि अवश्य नाश हुने हुनाले यहाँ तिनलाई अन्वन्त भनिएको छ । घामले पोल्यो भनेर, पानीले भिजायो भनेर, आगाले डढायो भनेर कोही गुनासो गर्दैन, गर्नु बुद्धिमानी पनि हुँदैन । किनभने यिनको त त्यो स्वाभावै हो । त्यसै गरी स्वभावैले नाशवान् रहेको शरीरहरूको सम्भावित विनाशलाई लिएर तिमी किन शोक गर्दछौ ? यस शोकमा परेर कर्तव्यका रूपमा उपस्थित युद्धबाट तिमी विचलित हुनुहुन्न भनी भगवान् यहाँ सम्झाउँदै हुनुहुन्छ ।

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभो तौ न विजानीतो नायं हन्ति न हन्यते ।१९।

अन्वय: यः एवं हन्तारं वेत्ति यः च एनं हतं मन्यते, तौ उभौ न विजानीतः। अयं न हन्ति न हन्यते।

सरलार्थ: जसले यो आत्मा मार्ने हो भन्ने संझिन्छ, अनि जसले यो आत्मा मारिने हो भन्ने मान्दछ ती दुवै थरीले आत्मालाई जानेकै हुन्नन् । यो आत्माले न त कसैलाई मार्दछ न त यो कसैद्वारा मारिन्छ ।

भावार्थचन्द्रिका: आत्माको सच्चिदानन्दमय स्वरूपमा क्रिया रहँदैन । आत्मामा क्रियाको उत्पत्ति प्रकृतिसितको सम्बन्धबाट मात्र हुन्छ । तेह्रौं अध्यायको उनन्तीसौं श्लोकमा यस बारे विशेष प्रकाश पारिएको छ । शरीरसितको सम्बन्ध नै प्रकृतिसितको सम्बन्ध हो किनभने शरीर प्रकृतिको अंश हो । शरीरसित सम्वन्धित नहोउन्जेल आत्मामा कुनै पनि क्रिया हुँदैन । त्यसैले मार्नु र मर्नु जस्ता क्रिया आत्मामा सम्भव नै हुन्नन् । अर्जुनलाई यहाँ शोक किन भएको छ भने उद्धबाट आफन्त बन्धुहरू मर्छन भन्ने उनलाई डर छ । त्यसैले क्रियाको उल्लेख गर्दा यहाँ मार्ने र मर्ने क्रियाको उल्लेख भएको हो । वास्तवमा आत्मामा सम्पूर्ण रूपमा क्रियाको अभाव हुन्छ, आत्मालाई क्रियातर्फ आकर्षित गर्ने शरीरसितको संसर्ग हो । आत्मामा शरीरसंसर्गबाटै कर्तापन आउँछ । नत्र स्वयंमा आत्मा अकर्ता नै हुन्छ । यसैले मार्ने मर्ने जस्ता क्रियालाई लिएर शोक गर्नु उचित हुँदैन । क्रमशः

फागुन महिनाका पर्व तथा विदा

१ गते फागुन सङ्क्रान्ती, गोरखकालीपूजा
४ गते विजया एकादशीव्रत
५ गते प्रदोषव्रत
६ गते शनिप्रदोष, महाशिवरात्रिव्रत, शिलाचह्रेपूजा
७ गते दर्शश्राद्ध, निसिबार्ने, राष्ट्रिय प्रजातन्त्र दिवश
८ गते हलो बार्ने, सोमवारे औंसी
९ गते चन्द्रोदय, ग्याल्पो लोसार
१४ गते रविसप्तमीव्रत
१५ गते अष्टमीव्रत, गोरखकालीपूजा, चिरोत्थान, होलिकारम्भ
१६ गते माझी समुदायको लदीपूजा
१९ गते आमलकी एकादशीव्रत, गीता जयन्ती
२० गते शनिप्रदोषव्रत, गोविन्दद्वादशी,
२२ गते पहाडी जिल्लामा होली, थकाली तोरन्तरपर्व
२३ गते पूर्णिमाव्रत, फागुपूर्णिमा, तराईमा होली
२४ गते नारी दिवस, बसन्तादि, तेल लगाउने र आँपको मुजुरा खाने, गणगौरपूजा प्रारम्भ, नाला मत्स्येन्द्रनाथस्नान,
३० गते अष्टमीव्रत, श्रीपशुपतिनाथको निम्ता पूजा/यात्रा (दुँदुँच्याँच्याँ)

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं ।

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

मातृभावको साधना

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

कोठाको सानो पलंगमा श्रीरामकृष्ण बस्नुभएको छ । नरेन्द्र, भवनाथ, बाबुराम, मास्टर जमीनमा बसेका छन् । घोषपाडा र पञ्चनामी मतको कुरा नरेन्द्रले चलाए । श्रीरामकृष्ण तिनको वर्णन गर्नुहुन्छ ।

श्रीरामकृष्ण– यिनीहरू ठीक ठीक साधना गर्न सक्दैनन् । धर्मको आडमा इन्द्रियहरूलाई चरितार्थ गर्छन् । (नरेन्द्रसँग) "तँलाई अब यी मतहरूका बारेमा केही जान्ने आवश्यकता छैन । "यी जो भैरव-भैरवीहरू छन्, यिनीहरू त्यस्तै हुन् । जब म काशी गएको थिएँ, मलाई एक दिन भैरवीचक्र लगेका थिए । तिनीहरूमा एक एक भैरव थिए र एक एक भैरवी । मलाई कारण पान गर्न भनियो । मैले भनेँ, आमा म त कारण (रक्सी) छुन पनि सक्दिनँ तब उनीहरू आफै पिउन लागे । मैले ठाने, अब शायद यिनीहरू जप ध्यान, गर्न लाग्लान्, तर त्यो कुरा अलगै रह्यो, उनीहरू त नाच्न

पो लागे । मलाई डर लाग्यो उनीहरू कतै गंगामा न खसुन् । चक्र गंगाका किनारमै थियो ।

"पति र पत्नी यदि भैरव र भैरवी हुन गएमा तिनको ठूलो सम्मान हुन्छ ।"

(नरेन्द्र आदि भक्तहरूसँग)– "मेरो मातृभाव छ, सन्तान-भाव मातृ-भाव । धेरै शुद्ध भाव हो । यसमा कुनै विपत्ति आउँदैन । भगिनी-भाव पनि नराम्रो होइन । स्त्रीभाव या वीर-भाव बडो कठिन हुन्छ, भाव शुद्ध रहँदैन । तारकका बाबु यसै भावको साधना गर्दथे । बडो कठिन छ, भाव ठीक रहँदैन ।

"ईश्वरको नजिकमा पुग्ने अनेक मार्गहरू छन् । सबै मतहरू एक एक मार्गहरू हुन् जसरी कालीमन्दिर जान अनेक बाटोहरू हुन्छन् । यिनैमा यही फरक छ कि कुनै बाटो शुद्ध छ र कुनै बाटो अशुद्ध छ । शुद्ध बाटोबाट जानु राम्रो हो ।

"मैले धेरै थरीको मत देखेँ, धेरै बाटो देखेँ, यी सबै अब राम्रो लाग्दैन । सबै एक अर्कासँग विवाद गर्ने गर्छन् । यहाँ अरू कोही पनि छैन, तिमीहरू सबै आफ्नै हौ, तिमीहरूसँग भनिरहेको छु, अब मैले यही बुझें कि उहाँ पूर्ण हुनुहुन्छ र उहाँको अंश हुँ, उहाँ प्रभु हुनुहुछ र म उहाँको दास हुँ । कहिले यो पनि ठान्दछु कि उहाँ नै म हो र म नै उहाँ हो ।

(भक्तमण्डली स्तब्ध भएर सुनिरहेछ)

भवनाथ– (विनयपूर्वक) मानिसहरूसँग मतान्तर हुँदाखेरि थाहा छैन मन कस्तो- कस्तो हुन्छ, त्यसैले मैले सबै जनालाई प्रेम गर्न सकिनँ भन्ने कुरा याद आउँछ ।

श्रीरामकृष्ण– पहिले एकचोटि कुराकानी गर्ने उनीहरूसँग प्रीतिपूर्वक वार्तालाप गर्ने चेष्टा गर्नू । प्रयत्न गर्दा पनि भएन भने पुनः त्यसको चिन्ता गर्न पर्दैन । उहाँको शरणमा जाऊ– उहाँको चिन्तन गर । उहाँलाई छोडेर अरू मानिसहरूका लागि मनमा दुःख लाग्नुको के आवश्यकता छ ?

भवनाथ– इसामसीह र चैतन्यको भनाइ छ कि सबैलाई प्रेम गर्नुपर्दछ ।

श्रीरामकृष्ण– प्रेम त गर्नु पर्दछ किनभने सबैमा परमात्माकै बास छ, तर जहाँ दुष्टात्मा छन् त्यहाँ परैबाट नमस्कार गर्नु नै ठीक छ । अनि चैतन्यदेव– उनको लागि पनि एउटा गीतमा छ– विजातीय मानिसहरूलाई देखेर प्रभुभाव संवरण गर्नुहुन्छ ।

श्रीवास कहाँबाट उनकी सासूलाई चुल्ठो समातेर निकालिएको थियो ।

भवनाथ– तर अरूले नै निकालेको हो ।

श्रीरामकृष्ण– विना उहाँको सम्मति के कहिल्यै उसले यस्तो गर्न सक्थयो र ? "गर्ने के त ? यदि अरूसँग मन मिलेन भने त के रात दिन त्यसैको चिन्ता गरिरहने ? जुन मन उहाँलाई दिनु पर्ने हो, त्यसलाई यता–उता लगाएर किन व्यर्थ खर्च गरूँ ?

म भन्दछु, "आमा म नरेन्द्र, भवनाथ राखाल कसैलाई चाहन्नँ । म हजुरलाई चाहन्छु । मानिसलाई लिएर म के गरूँ ? "उहाँलाई पाएपछि सबैलाई पाउनेछु । रूपैयाँ माटो हो र माटो रूपैयाँ । सुन माटो हो र माटो सुन हो भनेर मैले त्याग गरेको थिएँ । गंगामा फ्याँकिदिएको थिएँ । पछिबाट डराएँ कतै लक्ष्मीलई क्रोध नआओस् । लक्ष्मीको ऐश्वर्यको मैले अवज्ञा गरेको थिएँ । कतै मेरो खुराक बन्द गरिदिनु भयो भने त ? तब भनेँ, 'आमा बस हजुरलाई चाहन्छु ।' अरू केही पनि हैन । उहाँलाई पाएँ भने सब थोक पाएँ ।

भवनाथ– (हाँस्दै) यो त षड्यन्त्र हो ।

श्रीरामकृष्ण– हो, त्यति मात्र चालबाजी हो । श्रीठाकुरजीले कसैलाई दर्शन दिएर भन्नुभयो, 'तिम्रो तपस्या देखेर म धेरै प्रसन्न भएँ । तिमी अब कुनै वरदान माग ।' साधकले भन्यो, 'भगवान्, यदि वरदान दिनु हुन्छ भने, यही वर दिनुहोस् । सुनको थालीमा आफ्नो नातीलाई लिएर भोजन गरूँ ।' यसरी एकै पल्ट धेरै वरदान पायो । धन भयो, छोरो भयो र नाती पनि भयो ।" (सबै हाँसे) । क्रमशः

अनुवादक– प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

खोज

– प्रदीप रेग्मी

हरेक जन्तु जन्तुको स्वभावभित्र खोज्जुछ,
र जन्म मृत्युको कडा वहावभित्र खोज्जुछ ।
बसेर शान्त ठाउँमा स्वयं मभित्र खोज्जुछ,
अनेक चित्रभित्रको विचित्र चित्र खोज्जुछ ॥

रहन्छ पुष्पमा कहाँ भनी सुवास खोज्जुछ,
रहन्छ शान्त खै कहाँ गई वतास खोज्जुछ ।
विशाल यो प्रपञ्चको कहाँ छ अन्त खोज्जुछ,
बुझी यथार्थ अन्तको अझैं अनन्त खोज्जुछ ॥

अनेक रोगव्याधिको निदान के छ खोज्जुछ,
हजार जन्म मृत्युको विधान के छ खोज्जुछ ।
समस्त दुःखजालबाटको निकास खोज्जुछ,
बसेर अन्धकारमा स्वयंप्रकाश खोज्जुछ ॥

हरेक शास्त्रभित्रको हरेक पंक्ति खोज्जुछ,
र जिन्दगी चलाउँदा कहाँ छ गल्ति खोज्जुछ ।
बुझेर त्याग्नकै निमित्त यो अनित्य खोज्जुछ,
अनित्यभित्र व्याप्त जो रहन्छ नित्य खोज्जुछ ।❖

महेश संस्कृत गुरूकुलम्, देवघाटधाम, तनहुँ

अग्नि | नैन छिन्दन्ति शस्त्राणि नैनं दहति पावक | वरूण

न चैनं क्लेदयन्त्यापो न शोषयति मारूत ।

स्व. तुलसादेवी दाहाल
जन्मः २००१/११/०४.
स्वर्गारोहणः २०४२/११/१६

स्व. मोतिप्रसाद दाहाल
जन्म मितिः १४४६/५/१४
स्वर्गारोहणः २०७२/११/२५

हार्दिक शब्द – श्रद्धा

पूजनीय बुबा मुमाप्रति हार्दिक श्रद्धासुमन !

छोरा/बुहारीहरू : इन्द्रप्रसाद / राधा दाहाल मीनप्रसाद / दुर्गादेवी दाहाल तुलसीप्रसाद / अम्बिका दाहाल

छोरी/ज्वाईहरू : गङ्गा न्यौपाने/ बद्रि न्यौपाने मैया घिमिरे/उपेन्द्र घिमिरे समस्त दाहाल परिवार

हाम्रो संस्कार, संस्कृति र शिवरात्रि

–विजयराज न्यौपाने

मेरी हजुरआमा, आमाहरू कुनै कन्या वा मान्य मान्छेको गोडा कुल्चिन पुगे 'शिव ! शिव !' भन्नुहुन्थ्यो र तिनैका गोडा समातेर ढोगी दिनुहुन्थ्यो । उहाँहरूलाई लाग्थ्यो शिव परमेश्वरको नाम लिएपछि पाप मेटिनेछ । मान्छेका नाम पनि शिव, रूद्र, शङ्कर, महादेव, गौरी, पार्वती, दुर्गा, भवानी, कालिका आदि हुन्थे । अहिले भने नामाकरणमा आफ्नो पहिचानको कुनै आधार नलिई जथाभावी नाम राख्न थालिएको पाइन्छ । यो नेपालीपन होइन । छाडापनलाई सच्याउँदै आफ्नै गतिमा झल्किने देवी देवता, नदीनाला, पहाड, हिमाल, फलफूल आदिका नामबाट राख्नु नै श्रेयस्कर हुनेछ ।

सनातन हिन्दु धर्मअनुयायीहरूका घरमा कुनै न कुनै रूपमा पाञ्चायन पूजा चलिरहेको हुन्छ । पाञ्चायन पूजाआजामा शिव, गणेश, विष्णु, दुर्गा र सूर्य देवताको पूजा हुन्छ । पूजाका लागि गङ्गाजल, गाईको दूध, दही, घिउ, मह, सखर (पञ्चामृत), दूबो, बेलपत्र सयपत्री आदिको फूल आवश्यकता पर्दछ । अझै पनि घरघरमा विभिन्न ग्रह दशा, सङ्कट मोचनका लागि रूद्री, लघुरूद्री, महारूद्री लगाएर शिव आराधना गर्ने प्रचलन छँदैछ । यसरी हाम्रो वैदिक सनातन संस्कृतिमा शिव महिमा जोडिदै आएको छ । यसै परिप्रेक्ष्यमा हेर्दा शिव महिमा जगाउने महाशिवरात्रिको महिमा कति अपरम्पार छ जसको भेउ सहजै पाउन सकिँदैन ।

महाविश्वेश्वरायका रूपमा पुकारिने शिवजी ज्योति स्वरूपमा प्रकट भएको महान् पर्व मानिन्छ– शिवरात्रि पर्व । शिवज्योति कहिले प्रकट भयो, कहिले अलप हुन्छ यो कसैलाई थाहा छैन । ब्रह्माण्डको सृष्टि र प्रलयको लेखाजोखा त उनै शिवबाबालाई मात्र होला !

फागुन महिनाको कृष्णपक्षको चतुर्दशी तिथिमा पर्दछ महाशिवरात्रि । शिवलाई आदिगुरू, जगत्गुरूको रूपमा लिइन्छ । शिव र पार्वतीलाई प्रकृति र पुरूषको रूपमा पनि लिइन्छ । शिवनादबाट नै ध्वनि, अक्षर, शब्द, सङ्गीत, योग, ज्ञान विज्ञानको उत्पत्ति भएको मानिन्छ । शिव आराधना, पाठ, पूजाआजा, जप, भजन कीर्तन, श्रवण, ध्यान आदिमा केन्द्रित भएर महाशिवरात्रि पर्वलाई विशेषतः जागरण पर्वको रूपमा लिइन्छ । सांसारिक भागदौडलाई छोडेर आफैमा आफ्नो ध्यान केन्द्रित गरी अनन्तलाई जान्ने, जाग्ने पर्वको रूपमा पनि लिइन्छ शिवरात्रिलाई । न आदि न अन्त्यको रूपमा पुकारिने आदिदेव शिव नै पशुपतिनाथ हुन् । चाहे विश्वनाथ, अमरनाथ भनौ वा भोलानाथ उनै शिवजीलाई दर्शाउँछ । उनलाई जान्ने कोही छैन । हामी अल्पज्ञानीले जति जाने पनि त्यो अधुरो र अपुरो नै रहन्छ । यसरी हेर्दा शिवरात्रिको महिमा न बोलेर प्रकट गर्न न लेखेर नै अभिव्यक्त गर्न सकिन्छ । शिव शक्ति र शिवभक्तिमा नै बरू यसको महिमा अनुभूति गर्न सकिएला ।

जीवनको उकुसमुकुसबाट एक दिन भए पनि शान्त भएर पृथक अनुभूति गर्न महाशिवरात्रिको महिमा अपरम्पार छ । मेरूदण्डको हाडलाई सिधा राखेर 'ॐ नमः शिवाय' को पञ्चाक्षरी मन्त्रस्मरण, जप, ध्यानमा केन्द्रित रहेर आत्मचेतना जगाउने पर्वका रूपमा शिवरात्रिलाई लिनुपर्ने हुन्छ । मनको एकाग्रता नभै मन न त व्यवस्थित हुनसक्दछ न त आनन्दित हुन नै सक्दछ । कुनै पनि काममा सफलता पाउन काममा तल्लीनता, एकाग्रता पैदा हुनुपर्दछ । यसका लागि पनि शिवभक्तिको आवश्यकता पर्दछ । शुद्ध तन, शुद्ध मन नभै शिवशक्ति, शिवभक्ति प्राप्त हुन सक्दैन । ब्रह्म मुहूर्तमा उठेर स्नान, जप ध्यान नगरी शिव आराधनामा रस लाग्न सक्दैन । बिहान ढिलोमा आठ बजेभित्र शौचादि तथा स्नानादि कर्म सकेकै हुनुपर्दछ । शिव महिमा गायन, पठनपाठन, योगादि कर्म पश्चात् अन्य कर्ममा लाग्नु पर्ने हुन्छ । हाम्रो सनातन संस्कृतिले यही सिकाउँछ ।

धार्मिक संस्कारले युक्त परिवारमा शिवरात्रि पर्वका दिन सबै बालबालिकालाई सिकाइएको हुन्छ– चाँडै उठ्ने,

शौचादि स्नान गरेर शिवालय (शिवमन्दिर) मा गाईको दूध चढाउन जाने । शिव भगवान्‌लाई बेलपत्र, धतुरो पनि चढाउने ।

आज गाउँ गाउँमा शिवालय बनेका छन् । कतिपय शिवालयमा पूजारीको पनि व्यवस्था भएको छ । यो खुसीको कुरा हो । तर, शिवालयको सरसफाइ, रेखदेख, सार्वजनिक बगैंचा, शौचालयको उचित व्यवस्थापन हुन नसकी कतिपय शिवालय (शिवमन्दिर) अव्यवस्थित र जीर्ण देखिन्छन् । घण्ट, शिवलिङ्ग, जलारी, मूर्ति समेत शिवालय वरपरका चौतारामा ढलेका हुन्छन् । मन्दिर थोत्रिएका, माकुराको जालोले ढाकिएका अवस्थामा भेटिन्छन् । यस्तो अवस्थामा एकदिन पोकेदूध चढाएर मात्र हाम्रो आस्था र शिवत्व कायम रहन सक्दैन ।

स्थानीय गाई पालनको प्रचलन गायव भइसकेको छ । गौचरन मासिएका छन् । बाच्छाबाच्छीले आफ्नै आमाको थुन चुस्न पाउँदैनन् । चुसे पनि थुनमा दूध रहन्न । गाई बुढी भएपछि, बाच्छो दुई तीन महिना भएपछि गोठबाट निकालिन्छन् । गोठको मायाले फर्किएका बाच्छा तथा बूढी गाईहरू पिटिएर लखेटिन्छन् । कस्तो दर्दनाक अवस्था छ ! उता शिवरात्रिको निहुँ गरेर अर्काको गोठ कटेरा, टौवाका काठपात चोरेर शिवधुनी जगाउँदा के धर्म रहला ?

शिवजीलाई विष, भाँङ, धतुरो मन पर्थ्यो भनी मादक पदार्थ सेवन गरी होहल्ला, मारपिट हुनगए मन्दिरको नाममा यो अश्लिल व्यवहार, अपराध हुने पनि भय छ । सार्वजनिक शिवालय, मन्दिरभित्र पस्न नै दलितको नाममा रोक लगाइयो भने मानवीय ढङ्गले भेदभाव त हुने नै छ, सँगै सारा हिन्दु बौद्ध धर्मावलम्बीको धार्मिक अधिकारमा समेत चोट पुग्ने छ । वैदिक सनातन हिन्दू धर्मप्रति आस्था घट्ने र परधर्मतिर मोह बढ्दै जाने हुनसक्छ । यो तीतो यथार्थलाई आत्मसात गरेर हाम्रो आस्था र सनातन संस्कृतिसँग जोडिएको महाशिवरात्रि पर्व खुला दिलले प्रेम र श्रध्दासाथ मनाउन आवश्यक भइसकेको छ । यसपटकको महाशिवरात्रि पर्वले हाम्रो संस्कृतिको संरक्षण, सम्वर्द्धन गर्न, सच्चा दिल लिएर चाडपर्व मनाउन हामीलाई अभिप्रेरित गरोस् । नेपालीमा शिव शक्ति र भक्ति प्राप्तिमा मन जाओस् !❖ –सामाखुशी, काठमाडौं

जातस्य हि ध्रुवो मृत्युध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥

भावपूर्ण श्रद्धाञ्जलि

जन्म
१९९३/०२/०६

स्वर्गारोहण
२०७९/१०/१४

स्व. लछुमन पुरी

यस पत्रिकाका शुभचिन्तक एवम् समाजसेवी श्री टिकाराम पुरीज्यूका आदरणीय पिता श्री लछुमन पुरी ८७ वर्षको उमेरमा मिति २०७४/१०/१४ गते शनिवारका दिन वैकुण्ठबास हुनुभई गोलोकधाम प्रस्थान गर्नु भएकोमा उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै मुक्त आत्माको चीर शान्तिको कामनाका सहित शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

गौरी मासिक पत्रिका परिवार

नारायण सुबेदी, कोषाध्यक्ष
पशुपति क्षेत्र विकास कोष

वि.सं. २०२५ साल असारमा पिता विष्णुप्रसाद एवम् माता छली सुबेदीको गर्भबाट पर्वतको पकुवा गाविस-४ सिल्पी (वर्तमान कुश्मा नगर पालिका ११)मा जन्मनुभएका नारायण सुबेदी गत २०७८ पुस २८ गते बाट पशुपति क्षेत्र विकास कोषको कोषाध्यक्षको रूपमा कार्यरत हुनुहुन्छ । वि.सं. २०७४ साल चैतमा आफ्नो ३० वर्षे सेवावधि पुरा गर्दै राष्ट्रिय वाणिज्य बैंकको वरिष्ठ प्रवन्धकबाट अवकास प्राप्त उहाँले त्यसपछि जनता टेलिभिजनमा कार्यकारी निर्देशकको रूपमा साढे तीन वर्ष सेवा गर्नुभयो । भारतका विभिन्न राज्य सहित चीन, थाइल्याण्ड, मलेसिया, सिंगापुर, साउथ अफ्रिका, इजिप्ट, स्वीजरल्याण्ड लगायत दर्जनौं देशको भ्रमण गरिसक्नुभएका सुवेदीसँग ती देशका कला, संस्कृति र सभ्यताको बारेमा समेत धेरै अनुभवहरू रहेको छ । विशेष गरी विकास कोषको कोषाध्यक्ष पदमा रही कार्य गर्दै गर्दा यस क्षेत्रको संरक्षण एवम् संवर्द्धनमा उहाँको विगतको अनुभव उपयोगी हुने अपेक्षा गर्न सकिन्छ ।

पशुपति क्षेत्रको सबैभन्दा ठूलो मेलाको रूपमा परिचित महाशिवरात्रि मेला नजिकै आइसकेको छ । मेलालाई व्यवस्थित रूपमा सञ्चालन गर्न विकास कोषले आफ्नो तयारी समेत अन्तिम अवस्थामा पुऱ्याएको छ । विकास कोषमा कोषाध्यक्षको रूपमा एक वर्ष विताइसक्नुभएका नारायण सुवेदीसँग गत वर्षको उपलब्धि र भावी कार्यक्रम सहित महाशिवरात्रि पर्व २०७९ को सेरोफेरोमा रही सम्पादक अर्जुन लामिछानेले गर्नुभएको कुराकानीको सारसंक्षेप तल प्रस्तुत गरिएको छ ।

महाशिवरात्रि पर्वलाई सभ्य र भव्य रूपमा सम्पन्न गरौं

कोषाध्यक्षको रूपमा पशुपति क्षेत्र विकास कोषमा सेवा गर्ने अवसर पाउनुभएको छ। यो अवसरलाई कसरी लिनुभएको छ ? कोषबारे यहाँको सोचाइ के थियो ?

विश्वको हिन्दुहरूको आस्थाको केन्द्र भगवान् पशुपतिनाथ विराजित पावन पाशुपत क्षेत्रमा कार्य गर्न पाउनु मेरो अहोभाग्य हो। यसलाई मैले आफ्नो पूर्वजन्मको पुण्यको रूपमा लिएको छु। र, यहाँ मबाट गरिने हरेक कर्म मृत्युपछिको जीवनको निम्ति समेत सञ्चित पुण्यकर्म होस् भन्ने कुरा ध्यानमा राखेर गर्नेछु । भगवान्को आस्थाको केन्द्रमा हुने हरेक कर्महरू शुद्ध र पवित्र हुन्छन् भन्ने मेरो मान्यता थियो ।

कोषाध्यक्षको रूपमा कार्य गर्दै जाँदा के कस्ता समस्या देख्नुभयो ?

धेरै मानिस आफू पदमा आसीन रहँदा विगतका व्यक्तिले सोही पदमा गरेको काम नराम्रो र आफूले गरेको काम राम्रो भन्ने चलन छ। म त्यस कुरातर्फ जान चाहन्न। मैले आफ्नो पदको प्रकृतिअनुरूप कार्यभार संहालेपछि कोषको आर्थिक सबलीकरणको निम्ति केही प्रयास गरेको छु । त्यसमा केही सन्तोषजनक नतिजा पनि प्राप्त भएको छ ।

एक वर्ष बितिसकेको छ, उल्लेखनीय कार्य के गर्नुभयो ?

मैले आफ्नो कार्यकालको एक वर्ष पुरा हुँदै गर्दा आफ्नो नियमित कार्यको अतिरिक्त पशुपति क्षेत्र विकास कोषको नाममा विभिन्न बैंकमा खोलिएका बैंक खाता पहिचान गर्ने र अध्यावधिक गर्ने कार्यलाई प्राथमिकतामा राखेको थिएँ । यस अनुरूपका कार्यमा मैले सफलता पनि प्राप्त गरेको छु । उदाहरणको निम्ति पशुपति क्षेत्र विकास कोषको नाममा नेपाल बैंक लिमिटेड, न्यूरोड (भूगोल

पार्क) शाखामा सन् २०१० मा मुद्दती खाता खोली सन् २०१२ मा भुक्तानी म्याद समाप्त भएको रकम साँवा र व्याज समेत हिसाव गरी पशुपति क्षेत्र विकास कोषको आम्दानीमा ल्याउने काम भएको छ ।

यसैगरी कोषको रेकर्डमा नरहेका विभिन्न चार वटा बैंक खाताहरू पत्ता लगाई सो खातामा रहेको रकमलाई आम्दानीमा समेत जनाइएको छ । त्यस्तै, कोषको रेकर्डमा रहेको तर बैंकमा ओ.डि.एफ.डि. मा गई साँवा समेत हराई विगत लामो समयदेखि ब्याज नआइरहेका खाताहरू हाल खोजविन गरी पूरै साँवा र कर बाहेक ब्याज समेत कोषको आम्दानी जनाउने व्यवस्था मिलाइएको छ । समयमा नवीकरण हुन नसकेका खाताहरू नवीकरण गरिएको छ । यस क्रममा विना व्याज विभिन्न वैंकमा रहेका रकमहरू सङ्कलन गरी मुद्दती खाता खोली राखेका छौं । जसबाट कोषलाई व्याज आम्दानी भएको छ । अझ केही बैंकको विगत लामो समयदेखि चल्ती खातामा रकमहरू रहेका छन्, तिनीहरूलाई पनि मुद्दतीमा लैजाने पहल र प्रयत्न गरिएको छ । कोषको रेकर्डमा नभएका खाताहरू समेत पत्ता लागेको सन्दर्भमा अरू पनि खाताहरू रहने सम्भावनालाई मध्यनजर राखी नेपाल राष्ट्र बैंकमार्फत पहल समेत गरिएको छ ।

हाल के के कार्यक्रम सञ्चालन भइरहेका छन् ? आगामि कार्यक्रम के छ ?

हाल मन्दिरमा भेटिघाटीको रूपमा प्राप्त भएर पनि गणना नभई अव्यवस्थित रहेको नगद मौजुदालाई व्यवस्थित गर्ने कार्य भैरहेको छ । यसपछि जिन्सी सामग्री विशेष गरी भक्तजनले मन्दिरमा चढाएका सुन, चाँदीको व्यवस्थापन गर्ने योजना छ । भेटिघाटी गणना शुरू गरिएको ११ वर्ष पुरा हुनै लाग्दा पनि त्यस्ता सामग्रीलाई कोषले अहिलेसम्म व्यवस्थापन गर्न सकेको छैन । तसर्थ व्यवस्थापन गर्ने कार्यलाई सहयोग गर्नुहुन कोषका सम्पूर्ण जिम्मेवार तह र तप्काका व्यक्तिहरूलाई अनुरोध समेत गर्दछु ।

छिमेकी मुलुकमा कतिपय मन्दिरले सरकारलाई सहयोग गर्छन् तर हामी भने सरकारी बजेटको भरमा चल्नुपर्ने बाध्यता छ । पशुपतिलाई आत्मनिर्भर बनाउन सकिँदैन ? सकिन्छ भने कसरी ?

पशुपतिनाथको संरक्षण र सम्वर्द्धनको निम्ति पशुपति क्षेत्र विकास कोषलाई आत्मनिर्भर बनाउन सकिन्छ । यसको निम्ति श्रोत र साधनको उचित प्रयोग गर्नुपर्दछ, मन्दिरमा हुने चुहावट रोक्नु पर्दछ, अनावश्यक खर्च कटौति गर्नुपर्दछ । साथै कुनै दुरूपयोग नहुने सुनिश्चित गरी, आवश्यक प्रकृया समेत पुऱ्याई नगद आम्दानी र अचल सम्पत्तिलाई समेत समुचित प्रयोग गर्न अग्रसर हुने हो भने कोषको आम्दानीमा व्यापक बृद्धि गर्न सकिन्छ ।

फरक प्रसंग, महाशिवरात्रि पर्व २०७९ आइरहेको छ । पर्वलाई व्यवस्थित र भव्यरूपमा सम्पन्न गर्न कोषको के तयारी छ ?

महाशिवरात्रि पर्वलाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न पशुपति क्षेत्र विकास कोषले सबै तयारी पुरा गरेको छ । यस क्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुधन किरातीको अध्यक्षतामा २०१ सदस्यीय महाशिवरात्रि व्यवस्था मूल समिति र त्यस मातहतमा विभिन्न ८ उपसमिति गठन गरिएको छ । आठ उपसमितिहरूमा क्रमशः सुरक्षा व्यवस्था, जगतगुरू शंकराचार्यज्यूको स्वागत तथा अभिनन्दन व्यवस्था उप–समितिको संयोजकमा सदस्यसचिव र प्रचार प्रसार तथा स्वयंसेवा परिचालन व्यवस्था उपसमितिको संयोजकमा कोषाध्यक्ष म स्वयं रहेको छु । यसैगरी बाँकी उपसमितिहरूको संयोजकको भूमिकामा परिषद् सदस्यहरू रहनुभएको छ । उपसमितिहरू क्रमशः मन्दिर दर्शन, चन्दन वितरण एवम् रात्रिकालीन व्यवस्था उपसमिति, (संयोजक रमेशराज शिवाकोटी), आवास, भोजन तथा भौतिक पूर्वाधार व्यवस्था उपसमिति (संयोजकद्वव देवीप्रसाद बराल, र उद्धवप्रसाद बडाल), साधुसन्त तथा धार्मिक कार्यक्रम व्यवस्था उपसमिति, (संयोजक अर्जुनप्रसाद वास्तोला), वातावरण, सरसफाइ तथा जुत्ता चप्पल व्यवस्था उपसमिति (संयोजक श्रीमती आशा पाण्ड), स्वास्थ्य सेवा व्यवस्था उपसमिति (संयोजक विश्वकरण जैन) र मेला बजार सञ्चालन तथा साजसजावट व्यवस्था उपसमिति (संयोजक पूर्णबहादुर जेठारा) रहेका छन् । हरेक उपसमितिले आफ्नो जिम्मेवारी

अनुरूप सबै तयारी अन्तिम चरणमा पुऱ्याएको छ ।

यहाँ त स्वयंसेवा परिचालन एवम् प्रचारप्रसार उपसमितिको संयोजक हुनुहुदोरहेछ, यस समितिले स्वयंसेवक परिचालनमा विगत भन्दा फरक केही कार्य गर्छ कि ?

सबै कुरा एकैपटक परिवर्तन गर्ने भन्ने कुरा सम्भव हुँदैन । विगतका मेला पर्व सञ्चालनका क्रममा देखिएका त्रुटीलाई क्रमशः घटाउँदै र हटाउँदै जाने हो । यसै अनुरूप अहिलेको समितिमार्फत पनि केही सुधारका प्रयास गरिएका छन् । जसमा मन्दिर दर्शनका कुनै पनि प्रकारका पास वितरण गरिने छैन । विगत वर्षहरूमा अत्याधिक स्वयंसेवा पासको वितरणबाट मेला क्षेत्रमा अनावश्यक भीड भएको देखिएकोले यस वर्ष स्वयंसेवाको पास वितरणमा व्यापक कटौति गरिएको छ । स्वयंसेवी संस्थाले निश्चित शर्त पूरा गर्नुपर्ने प्रावधान समेत तोकिएको छ । संस्थामार्फत स्वयंसेवा गरिने हो भने संस्थाको तोकिए बमोजिमका कागजात र व्यक्तिको हकमा नागरिकताको फोटोकपी र २ प्रति फोटो अनिवार्य गरिएको छ ।

विगतमा पनि पास हुँदैन भनिन्थ्यो तर भित्र जान मिल्ने पास बाँढिएको पाइयो !

विगतमा जे गरिएको भए पनि यसपटक मन्दिर दर्शन गर्नकै लागि कुनै प्रकारको पास वितरण गरिने छैन । मन्दिर भित्र सेवा गर्नेहरूको निम्ति र सुरक्षा अनुगमनका निम्ति वितरित पास वाहकले मात्र लाइन नवसी मन्दिरभित्र प्रवेश पाउने व्यवस्था छ । यो बाहेक कसैले कुनै प्रकारको पास देखाएर मन्दिर प्रवेश गर्न पाउने छैन । यदि कसैले मन्दिर दर्शनको निम्ति प्रयोग गरिएको कुनै पास भेटाउनुभयो भने कोषमा जानकारी गराउनुहुन अनुरोध गर्दछु ।

फरक क्षमता भएका र बृद्धअवस्थाका व्यक्तिहरूको निम्ति मन्दिर दर्शनको विशेष व्यवस्था हुन्छ ?

यस्ता व्यक्तिलाई विगतमा पनि दर्शनको निम्ति लाइनमा नराखी प्राथमिकता दिएर दर्शन गराउने व्यवस्था थियो र यसपटक पनि सोही बमोजिम दर्शन हुने जानकारी गराउँदछु ।

शिवरात्रिको दिनमा विशेष पूजा हुन्छ कि हुँदैन ?

कति शुल्क र कति संख्यामा गरिने व्यवस्था छ ?

पशुपतिनाथको मन्दिरमा शिवरात्रिको दिनमा भक्तजनहरूको उपस्थिति अत्याधिक मात्रामा हुने भएकोले हामीले सो दिन हुने विशेष पूजालाई कटौति गरेका छौं । अन्य दिनमा २०० भन्दा अधिक विशेष पूजा लिइने भए पनि उक्त दिन भने बिहानमा बढिमा ५० वटा पूजा मात्र गराउने निर्णय भएको छ । जहाँसम्म रकमको कुरा छ, उक्त दिन रू. १५,१००/- , रू. ३५,०००/- र ६५,०००/-को पूजा मात्र लिइने निर्णय गरिएको छ ।

यसवर्ष कति खर्च छुट्याइएको छ ? कत्तिको पारदर्शिता होला ?

यस वर्षको शिवरात्रि पर्वको निम्ति ८० लाख रूपैयाँको बजेट छुट्याइएको छ । शिवरात्रि पर्वसँग सम्वन्धित सम्पूर्ण खर्च यसै शीर्षक अन्तरगतको निर्धारित बजेट रकमबाट विनियोजन गरिने छ । शिवरात्रिको सम्पूर्ण खर्च यसै महिनाभित्र फरफारक गरिने निर्णय भएको छ ।

अन्त्यमा गौरीमार्फत भन्नै पर्ने केही छ ?

महाशिवरात्रि पर्व पशुपति क्षेत्रमा लाग्ने सबैभन्दा ठूलो पर्व हो । यस पर्वमा देश विदेशका लाखौं भक्तजन र ठूलो संख्यामा पर्यटकहरूको समेत आगमन हुने गर्दछ । शिवरात्रि पर्वको अवसरमा यहाँ ठूलो मेला पनि लाग्ने गर्दछ । यस पर्व एवम् मेलालाई व्यवस्थित सञ्चालन गर्नु हामी सबैको दायित्व हो । यसको सुव्यवस्थित सञ्चालन हाम्रो प्रतिष्ठाको विषय पनि हो । तसर्थ महाशिवरात्रि पर्वलाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुन समस्त महानुभावहरूलाई यसै पत्रिकामार्फत अनुरोध समेत गर्दछु । यस पर्वमा मेरो दायित्व विशेष गरी प्रचारप्रसार सहित स्वयंसेवा परिचालन सम्वन्धि पनि भएको हुँदा सम्पूर्ण स्वयंसेवक व्यक्ति एवम् संस्थालाई सेवाको भावले तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक वहन गर्नुहुन समेत अनुरोध गर्दछु । अन्तमा, महाशिवरात्रि २०७९ को पावन अवसरमा सबैमा हार्दिक शुभकामना अर्पण गर्दछु । ❖

विश्व ब्रह्माण्डपति भगवान् शिव

-सहप्रा. डा बिनु बाबा अर्याल

विश्वका महान् संस्कृति मध्ये गरिमामय हिन्दु संस्कृति पनि एउटा महान् संस्कृति हो । यो संस्कृति मानवीय सभ्यता जत्तिकै प्राचीन छ । यस सम्वन्धमा नेपाली संस्कृतिको आफ्नै निजस्व र वर्चस्व कायम रहेको छ । यस मानेमा हामी पूर्वीय सभ्यता संस्कृतिका बारेमा गौरव गर्ने अधिकार राख्छौं । किनकि हाम्रो यस धर्म संस्कृतिमा शिवत्वको महासमुद्र छ जसमा पवित्रता, कल्याण, अमृत्व र सर्वलोकोपकारी मानववाद छ । जस्को प्राप्तिको बाटो व्यक्ति र समुदाय पिच्छे अलग अलग भइकन पनि ती सबैमा सहिष्णुताको भावना छ ।

हिन्दु जीवनको धर्म, संस्कृति आध्यात्मिकतामा अडेको छ । जसले स्वतन्त्रताको संकेत गर्दछ । हिन्दु धर्मको एक मात्र उपदेश हरेक तहमा मुक्ति प्राप्त गर्नु हो । मुक्ति पाउन ऋषिहरूले चार पुरुषार्थ (जीवनका लक्ष्य) रचना गरे- धर्म, अर्थ, काम र मोक्ष या मुक्ति । भौतिक स्वतन्त्रता अर्थ(धन) द्वारा प्राप्ति हुन्छ । भावनात्मक स्वतन्त्रता काम (उपभोग)बाट प्राप्त हुन आउँछ र जीवन मरण चक्रबाट (स्वतन्त्रता)मोक्षद्वारा मुक्ति प्राप्त हुन्छ । मुक्ति ब्रह्मसाक्षात्कार हो । आफ्नो बिर्सेको वास्तविक स्वरूपलाई पाउनु हो । आत्मास्वरूपको अवस्थिति नै मोक्ष मानिएको छ, यस उद्धात्त भावना नै वैदिक सनातन हिन्दु धर्मको आत्मा हो । विश्वजनमा मङ्गलको कामना गर्दै आत्मा चिन्तनको गहिराइतिर जानु यसको क्रियात्मक स्वरूप हो ।

मानव कल्याण, अहिंसा, समानताको दर्शन, मैत्री, सहिष्णुता र अन्य ईश्वरवादीहरूप्रति सद्भाव र सहिष्णुताको व्यवहार आदिले सिन्धु सभ्यतादेखि आजसम्म वैदिक हिन्दु सनातनीय धार्मिक पद्धतिलाई जीवित राख्न सकेको छ । किनकि धर्म सत्य छ सनातन छ । सनातनको अर्थ जसको न आदि छ न अन्त्य छ, जो पहिले पनि थियो, अहिले पनि छ र पछि पनि हुनेछ भन्ने हो । सार्वजनिक, सर्वकालिक, सर्वदेशिक नहुने कुरा धर्म होइन ।

जसरी सवै नदीका गम्यस्थल एउटै महासमुद्र हो त्यसैगरी सबैको लक्ष्य सत्यं शिवम् सुन्दरम् हो । अतः हिन्दु दर्शन र जीवन पद्धति नै मङ्गलकारी पवित्र शिव बाटो हो ।

सर्वे भवन्तु सुखिनः सर्वेसन्तु निरामया
सर्वे भद्राणि पश्यन्तु मा कश्चित दुःखभाग्जनः ।

सबैको कल्याणको कामना गर्दै उच्चतर समाज व्यवस्थाको निम्ति आशीर्वचन प्रस्तुत गरेको छ । यही नै शिवतत्त्व हो ।

शिव ब्रह्म हो । सदा र एकनास, अविकारी रूपले, अदृश्य रूपले, स्वयं प्रकाशित रूपले, सर्वत्र सर्वथा अखण्ड आनन्द रूपले रहिरहेको हो- शिव । परिपूर्ण, चैतन्य हो शिव । भनिन्छ उपनिषद्हरूले ब्रह्म र ईश्वर शब्द परमेश्वरको निराकार र साकार स्वरूपबाट छुट्याए । लिङ्गमा नभइ मूर्तिमै सर्वत्र देवताहरूको पूजा हुन्छ, तर भगवान् शिवको पूजा मूर्ति एवम् लिङ्ग दुवैमा हुन्छ । यसो हुनाको खास कारण छ, एक मात्र भगवान् शिवलाई ब्रह्म स्वरूप भएको कारण निराकार र रूपवान् भएको कारण साकार भनिएको छ । शिवलिङ्ग भगवान् शिवको निराकार स्वरूपको प्रतीक हो । यस्तै किसिमले शिवको साकार स्वरूप भएको कारण तिनको पूजाको आधारभूत विग्रह साकार प्राप्त हुन्छ । शिवको साकार स्वरूप तिनको साकार स्वरूपको प्रतीक हो । साकार र निराकार दुवै स्वरूपको हुँदा नै उनी ब्रह्म शब्दले पुकारिने परब्रह्म परमात्मा हुन् ।

श्रीमद्भगवद्गीतामा श्रीकृष्णले अर्जुनलाई देखाउनु भएको विश्वरूपमा भनेको बाट एकबाट अनन्त र अनन्तबाट एक एकोऽहम् बहुस्यामी म एक हुँ धेरै बन्दछु । धेरैबाट एक बन्दछु । विन्दुले सिन्धु र सिन्धुले विन्दुको रूप लिन

सक्छ। विश्वका प्रत्येक पदार्थमा जसले भगवान्को दर्शन गर्दछ, त्यही विश्वरूप हो। यसलाई बुझेर साधक निर्गुण ब्रह्ममा पुगेपछि भगवान् र साधक एउटै हुन जान्छ। सचिदानन्द (सत्, चिद् र आनन्द)को स्वरूप हुन जान्छ।

प्रत्येक मानव समेतका प्राणीहरूमा आत्मा रहेको हुन्छ। आत्मा भनेको जीवमा रहँदासम्म जीवित हुने र जीवबाट छुटेर अलग भएपछि मुर्दा बनाउने अविनाशी शक्ति हो। आत्मालाई जीवात्मा अथवा 'सत्, चित् र आनन्द' भएको चैतन्य शक्ति पनि भनेर पुकारिन्छ। हाम्रो शरीर भित्र रहेको आत्मा पनि ईश्वरको एक अंश हो। विना ईश्वर केही पनि सम्भव छैन। प्रत्येक वस्तुको सत्ता शिवमा नै छ। प्रलयकाल, चराचर जगत शेतेऽस्मीन् इति शिवः। अर्थात् प्रलयकालमा सम्पूर्ण चराचर जगत् जुन कारण स्वरूपमा लीन हुन्छ त्यसैको नाम शिव हो। शिव, रूद्र, महादेव आदि कार्य भेदका नाम हुन्। शिवको अनेक नामहरूमा पशुपतिनाथ विश्वमा प्रसिद्ध छ। भगवान्

पशुपतिनाथ नेपालका राष्ट्रदेव शिव हुन्।

नेपाल भूमि शिव-पार्वतीको देश हो। शैव एवम् शाक्त मतको प्राचीनतालाई नियाल्दै अगाडि बढ्दै जाँदा हामी सिन्धुघाँटीको उत्खनन्मा प्राप्त माटाको शिवलिङ्ग र योनिका चिह्नहरूमा पुग्दछौं। जसको पशुपतिनाथ र गुह्येश्वरी पूजा पद्धतिबाट अवगत हुन्छ। वेदहरूमा परमेश्वरलाई पुरुष भनिन्छ। उपनिषद्हरूले ब्रह्म र ईश्वर शब्द परमेश्वरको निराकार र साकारबाट छुट्याए। तर ब्रह्म भन्नु परमेश्वर अथवा परम ईश्वर भन्नु शिव भन्नु एकै हो। जो अनन्त छ, ऊ न पुरूष हो न महिला हो। वा नपुंशक नै हो। ऊ त स्वयम्भू अथवा स्वयं विद्यमान, जन्म मृत्युबाट पर, सबै चेतनाको चैतन्य हो। निराकार अनन्त परमेश्वरलाई ब्रह्मा सृष्टिकर्ता, विष्णु पालनकर्ता र शिव संहारकर्ताका रूपमा हेरिन्छ। उहाँहरू भिन्दाभिन्दै जस्तो भए पनि एक हो। उही नै शिव हो परामर्थ सत्ता, अध्यात्मसत्ता, आत्मसत्ता सबै पर्यायवाची शब्दहरू हुन्। यो नै चेतनाको शुद्ध, शान्त स्थिति हो। यसैबाट ब्रह्मत्व, विष्णुत्व र अन्त्यमा शिवत्व प्राप्त हुन्छ। सद्गुण उत्पादक ब्रह्मत्व, सद्गुण परिपालक विष्णुत्व, दुर्गण उन्मुलक शिवत्व एक शान्त चेतनाको गुण हो। स्वयं प्रकाश(आफैं प्रकाशित)ले मात्र सधैं प्रकाशित र अखण्ड आनन्द शिव हो।

शिवक्षेत्रको रूपमा सम्मानित हिमवत्खण्डका हृदयको रूपमा विराजमान वैदिक सनातन हिन्दुराष्ट्र नेपालको राष्ट्रदेव भगवान् पशुपतिनाथ हुनुहन्छ। शिव पुराणको वायविय संहितामा पशु, पाश र पतिको बारेमा उल्लेख गरिएको पाइन्छ। जस अनुसार मायारूपी संसारको वशीभूत सबै जीवहरूलाई पशु भनिन्छ। पशु भनेको अज्ञानी मानव पनि हो र ती सबै पशुहरूका मालिक नै पशुपति हुन्। अविद्या र आशक्ति रूपी पाशहरूबाट बाँधिएका जीवहरू जसको शरण पर्दा पाशोरूपी बन्धनबाट मुक्ति पाउँछन्। समस्त प्राणधारीका पति अर्थात् मालिक हुनाले शिवलाई नै पशुपति भनिएको हो। त्यस्ता परब्रह्मा परमात्मा नै श्रीपशुपतिनाथ हुन्।

पुरातनकालदेखि नै हिमालयको सम्पूर्ण क्षेत्र माहेश्वर दर्शन क्षेत्र रहेको छ। महाभारत वनपर्वमा भगवान् पशुपतिनाथको क्षेत्रको रूपमा परिचित यस पावन क्षेत्रलाई माहेश्वरपुरको संज्ञा दिएको छ। वनपर्वको पुलस्त्य तीर्थयात्रा प्रसंगमा माहेश्वरपुरमा गएर भगवान् शङ्करको अर्चना गरेर उपवास राख्दा नै सबै इच्छित कामनाहरू पूरा हुन्छन् भनिएको छ -

माहेश्वरपुरगत्वा अर्चीयित्वा वृषध्वजम्

ईप्सितांल्ल गते कामानुपवासान्ज संसय। (म.भा. वनपर्व ८४/१२९)

भगवान् शङ्करको सृष्टि शक्ति, स्थिति शक्ति र लय शक्तिको अतिरिक्त निग्रहशक्ति तथा अनुग्रह शक्तिको अनुरूप आफ्नो भक्तहरूमाथि विशेष कृपा गर्नको लागि भगवान् मृत्युञ्जय कहिले काहिँ प्रकृतिको सामान्य नियमहरू तोडेर यी दुई विशेष शक्तिको उपभोग पनि गर्नुहुन्छ । जसरी ऋषि मार्कण्डेयको बारेमा भगवान् शिवले निग्रह शक्तिको उपयोग गर्दै प्रकृतिको नियम तोडेर मार्कण्डेयको मृत्युलाई रोकिदिनुभएको थियो र अनुग्रह शक्तिको उपयोग गरेर उहाँलाई चिरञ्जीवीको श्रेणीमा प्रमुख स्थान प्रदान गरेर अमर बनाइदिनुभयो ।

यस ब्रह्मस्वरूप शिव सम्वन्धि फागुन कृष्ण चतुर्दशी तिथि शैवहरूका लागि ज्यादै पावनतम तिथिको रूपमा रहेको छ । चतुर्दशी तिथिका तिथिपतिको रूपमा भगवान् शिवलाई भनिन्छ । पार्वतीसितको विवाह पनि त्यसै दिन भएको थियो । लौकिक रूपमा शिवको प्राकट्य र दाम्पत्य जीवनसँग जोडिएको यो दिन/रात्रि साह्रै महत्त्वपूर्ण छ । फागुन कृष्ण चतुर्दशीको महानिशामा आदिदेव महादेव कोटिसूर्यका समान दृष्टिज्योति लिएर शिवलिङ्गरूपमा आविर्भूत हुनुभएको थियो भन्ने कुरा इशान संहितामा उल्लेख गरेको छ । जुन अन्धकारमय घनघोर भयानक रातमा देदिव्यमान ज्योतिर्लिङ्गको आविर्भाव भएको थियो । त्यही रातलाई शिवरात्रि भनिन्छ । यिनै सृष्टिको दिव्यशक्ति, महाशक्ति र परमशक्ति सर्वआत्माका पारलौकिक परमपिता परमात्मा शिवको दिव्य अलौकिक जन्म भएको यादगार पर्वको रूपमा शिवरात्रिलाई लिइन्छ । भगवान् शिवले मानवकल्याणको लागि दर्शन दिनुभएको रात्रि शिवरात्रि हो ।

शिव एव राधनं तत्त्रायत इति शिवरात्रम् । अर्थात् शिव स्वरूप जो परमात्मा त्यस धनको रक्षा गर्नु हुन्छ भने त्यो 'शिवरात्र' हो । स्त्रीलिङ्ग रात्रि शब्दको प्रयोग पश्चात शिवरात्रि भएको हो । पुराणहरूमा उल्लेख भए अनुसार भगवान् शिव स्वयंले भन्नुभएअनुसार जो उहाँको स्तम्भ स्वरूप ज्योतिर्लिङ्ग पूजा अर्चना, व्रत दान गर्नेछ उसका समस्त मनोकामनाहरू पूर्ण हुनेछन्, यसमा सन्देह छैन । उहाँले भन्नुभएको छ- हे नारायण ! जव जव संसारमा अधर्म बढ्ने छ तव तव धर्मको स्थापना एवम् भूभार हरण गर्नको लागि नाना प्रकारका अवतार धारण गर्नु । हे नारायण ! हे ब्रह्म ! हे ब्रह्मा ! तिमीहरू मेरा शिष्य हौ । तिमीहरूलाई भक्ति प्रदान गर्नु मेरो कर्तव्य हो । त्यसैले तिमीहरूलाई एक गोप्य मन्त्रको दिक्षा दिन्छु । त्यो हो- 'ॐ नम शिवाय' । ॐ मा अ उ र म तीन अक्षर मिलेको हुन्छ । योगीमुनीहरूले पनि यस ॐकार शिवस्वरूपको साधना गरेर परमगति प्राप्त गर्नेछन् ।

अ शिव, उ शक्ति र म दुवैको एकता ॐ प्रणवाक्ष र श्रीमद्भगवद्गीतामा पनि यसको विशेष वर्णन गरिएको छ । ओमित्यकाक्षरम् ब्रह्म व्याहरम् मानुस्मरणं सांसारिक भूत भौतिक क्षणिक नाशवान गतिक । अन्तित्वलाई मेटाएर समाधि योगमा आत्म साधनामा परिपक्क बनाएर अद्वैतानुभाव गराउनु नै शिव साधनाको रहस्य हो ।

शिवपुराण वायवीय संहितामा माता गौरीले भगवान् सदाशिवसँग भक्तहरूका उद्धारको बारेमा सोध्नुभयो र भगवान् सदाशिवले त्यस प्रश्नको जवाफ यसरी दिनुभयो–

आश्रित्य परमां विद्यां हृद्यां पञ्चाक्षरी मम
भक्त्या च भावितात्मानो मुच्यन्ते कलिजा नरा ।

(शिवपुराण वा. सं. १२/४५)

अर्थात् परम विद्यारूप मेरो पञ्चाक्षरी विद्या (ॐ नमः शिवाय)को आश्रय लिएर जसले भक्ति भावबाट मप्रति आश्रित हुन्छ, ऊ सबै भववन्धनबाट मुक्त हुन्छ । इशान संहितामा वर्णित भएअनुसार शिवरात्रिको व्रत सवै मनुष्यद्वारा बस्न सकिन्छ । सबै मानिसहरूलाई यहाँसम्मकि चाण्डालपर्यन्तलाई शिवरात्रि पाप मुक्त गर्दछ । आनन्द र मुक्ति प्रदान गर्दछ ।[३]

प्रस्तुत शिवरात्रिको व्रत यदि मनुष्यले जानेर हो वा नजारेर सम्पन्न गरेमा तिनले अक्षय पुण्य प्राप्त गर्ने कुरा पुराणहरूमा वर्णित छ । निषदराज सुन्दर सेतकले अनजानमा गरेको पुण्यको कारण तिनको मृत्यु पश्चात उनी आफ्ना प्रिय कुकुर सहित भगवान् शिवको सेवक हुन पुगे यो आख्यान अग्निपुराणमा पनि वर्णित छ ।[४] उपर्युक्त आख्यानको अनुरूप चण्ड नामक एक दुष्ट विराट बारेको आख्यानमा पनि उक्त चण्ड एवम् तिनकी पत्नी दुवैले अज्ञानवस शिवको पूजन गरेको कारण तिनीहरू दुवै शिवलोकमा पुगेको कुरा वर्णित छ ।[५] तिथि तत्त्वले भगवान् शिवको कथनलाई आधार लिई शिवरात्रिको दिन स्नान, वस्त्र, धूप, पूजा आदिको वदला उपासनाबाटै भगवान् शिव

प्रशन्न हुनुहुने कुरा उल्लेख छ ।[६] तर अन्य ग्रन्थमा उपवास पूजा एवम् जागरण तीन वटैलाई महत्त्व दिइएको छ ।[७]

भगवान् शङ्करले ताण्डव नृत्य गर्नुको साथै आफ्नो डमरूको नादले सम्पूर्ण वायुमण्डलमा ज्ञान विज्ञानलाई सूक्ष्म सूत्र रूपले व्याप्त गरेका थिए । भनिन्छ त्यस बेलादेखि नै महाशिवरात्रिको माहात्म्य आजसम्म सुरक्षित चल्दै आइरहेको छ। प्रत्येक हिन्दु चाहे त्यो सौर्य, गाणपत्य, शैव, वैष्णव या शक्ति नै किन नहोस उसले श्रद्धाले आफ्नो सामर्थ्य अनुसार शिवको आराधना गर्दछ । निराहार व्रत र रात्रि जागरण नै यस पर्वका प्रधान अंग हुन् । सामवेदीय तथा ऋग्वेदीय पद्धतिले स्वस्तिवाचन र पूजा गरिसकेपछि प्रत्येक प्रहरमा चार पटक शिव पूजनको विधान छ । तिति तत्त्वमा वर्णित गरिएअनुसार लिङ्ग स्नान रात्रिको प्रथम प्रहरमा दुधले, दोश्रो प्रहरमा दहीले, तेश्रोमा घिउले र चौथोमा मधुले गराउनु पर्दछ । चार प्रहरका मन्त्र यी हुन्– ह्रीं अघोराय नमः । ह्रीं वामदेवाय नमः । एव ह्रीं सद्योजाताय नमः । पूर्व फर्किएको मुखलाई तत्पुरुष भनिन्छ । यसको अर्थ हुन्छ, साकार स्वरूप र तपस्यारूपी ध्यान मुद्रामा रहेका आफ्ना शक्तिको तेजोवधले भक्तहरूलाई वरदान दिन सक्ने, प्राणीको सुरक्षा गर्न सक्ने ।

पश्चिम फर्किएको मुखलाई सद्योजात भनिन्छ । सद्योजात भन्नाले नवजात वर्तमान अवस्थालाई जनाउँछ । जीवनको शुरूवात जन्मनासाथ हुने हुँदा जन्मदा जातक संस्कार कर्म गरिन्छ र इच्छा रहित जीवन जिउने अवसर प्रदान गर्न दिनुहोस् भनेर प्रार्थना गरिन्छ ।

उत्तर फर्केको मुखलाई वामदेव भनिन्छ । वायाँ शक्ति भनेको देवीको विकराल रूप नारीको शक्ति रूप हो । नारीमा माया, सौन्दर्य रचना र प्रलयको वेलामा रूद्र र कालको रूप लिने शक्ति हुन्छ । त्यस्तो शक्ति भएको र वायाँ स्वरूप अर्धनारीस्वरूप पनि मानिने भएकोले त्यस रूपलाई वामदेव भनिन्छ । दक्षिण फर्किएको मुख अघोर भनिन्छ । अघोर भनेको सृष्टिको संरचना गर्ने र संहार गर्ने विकराल स्वरूप हो । अघोरीहरूको विश्वासमा यो जीवन सबै अनित्य हो । सत्य केवल मृत्यु हो । अतः त्यो अघोर साधनालाई मानव स्वरूपबाट सिधै परमेश्वरमा लीन हुने एउटा माध्यमको रूपमा लिने गरिन्छ ।

आकाशतर्फ फर्केको मुखलाई ईशान भनिन्छ । ॐकार स्वरूप चौधै भूवनका अधिपति सृष्टिको प्रतिनिधित्व गर्ने सृष्टिको संरचना गर्ने स्वरूपलाई ईशान भनिन्छ । यसरी पञ्चमुखी शिवको वर्णन गरिएको छ ।

शिवरात्रिको दोश्रो दिन अमावस्यमा व्रतकथा सुनेर पारण गर्नु पर्दछ । शिवरात्रिमा जागृत रही शिवतत्त्व समाधान गर्नु नै यस पर्वको उद्देश्य हो । यस दिन संसारका हिन्दुहरूमात्र नभइ सम्पूर्ण ॐकार परिवारका मानिसहरू अत्यन्त श्रद्धा भक्तिपूर्वक पशुपतिनाथको पूजा आजा तथा दर्शन गर्दछन् । काम, क्रोध, लोभ, मोह आदि विकाररूपी बन्धनहरूबाट जोगिने संकल्पका लागि पनि शिवरात्रि र पशुपतिनाथको महत्त्व छ ।

सृष्टिको सर्वोच्च शक्ति परमात्मा शिवको दिव्य जन्मको यादगार पर्वको रूपमा मनाइने शिवरात्रि पर्व भित्रको गहन आध्यात्मिक मूल्य र मान्यताको ज्ञान नहुनाको कारण आज यो पर्व केवल समाजिक परिपाटी निर्वाह गर्ने औपचारिक परम्परामा सीमित रहेको छ । अर्कोतिर उपहासको विषय बनाई रमाउनेको पनि कमी छैन । पाश्चात्य शिक्षा र संस्कृतितिर हिन्दु समाज दौडिंदै गइरहेको छ । शिवरात्रि पर्वको यथार्थता, सत्यता र वास्तविकतालाई अनुशरण, अवलम्वन र पालन गर्ने हो भने व्यक्तिमा मात्र होइन विश्वमा आमूल परिवर्तन आउन सक्छ । धर्मको प्रबल तेजमा मलिन अन्धकार रहन सक्दैन । हिन्दु संस्कृति नै यस्तो संस्कृति हो जसले विश्व संस्कृतिलाई जन्माएको छ । यस तथ्यलाई प्राचीन ऋषिमुनि महर्षिहरूले प्रष्ट पारेर राखिदिएका छन् । मात्र अध्ययन अनुसन्धान र चिन्तनको आवश्यकता छ ।❖

–बत्तीसपुतली, काठमाडौं

१ हरिराम जोशी अभिनव संस्कृति कोष सुशीलराम जोशी, नवीन्द्रराज जोशी वि.सं. २०५८, पृ. ३५५

२. डा राजवली पाण्डेय, हिन्दू धर्मकोश उत्तर प्रदेश हिन्दी संस्थान लखनउ, १९८८ पृ. ६३१

३. शिव रात्रिव्रतं नाम, सर्व पाप प्रणाशनम्

आचाण्डाल मनुष्यणां मुक्ति भुक्ति प्रदायकम् ॥ इशानसंहिता

४. अग्नि पुराण १९३.६

५ डा. पाण्डुरङ्ग वामन काणे धर्मशास्त्रका इतिहास (चतुर्थ भाग) उत्तर प्रदेश हिन्दी संस्थान लगनउ, १९८४ पृ. ८५

६. उपर्युक्त पृ. ८५

७. उपर्युक्त पृ. ८५

लोककल्याणकारी शिव, शङ्कर, महादेव
पशुपति

—घनश्याम कोइराला

सनातन संस्कृतिका अनुयायीहरू र शैवहरूका लागि शिवरात्रि निकै ठूलो पर्व हो, यसलाई महापर्व पनि भन्ने गरिएको छ । शिव, शङ्कर, रूद्र, महादेव सबैलाई पशुपति पनि मान्ने गरिएको छ । त्यसैले महाशिवरात्रि र पशुपतिको सारभूत सम्बन्ध रहेको छ । कतिपयलाई यी सबैमा भिन्नता र एकरूपताको पक्षमा जानकारी नहुन पनि सक्दछ । हामीले हाम्रा धार्मिक, आध्यात्मिक, सांस्कृतिक पर्व, उत्सवहरू मनाउँदा तत्तत् देवीदेवता तथा स्थानहरूका विषयमा जानकारी राख्नु उचित हुन्छ ।

हाम्रो समाजमा धेरै पर्व, उत्सव, महोत्सव छन् । यी सबैले मानिसहरूलाई शान्ति, सन्तुष्टि र चेतना प्रवाह गर्दछन् । धेरैजसो आध्यात्मिक तथा लौकिक पर्वहरू दिन–दिवसका रूपमा मनाइन्छ । तर केही पर्वहरू छन्, जसलाई रात्रिमा मनाउने मात्र गरिंदैन, अपितु नाम नै 'रात्रि' छन् । यद्यपि, उत्सवको रमाइलोका कारण रात्रि हुनु, जागरण बसेर रात बिताउनु, दिउँसोमा समय अभावका कारण रात्रिमा आजा–पूजा, कथाश्रवण आदि भने गर्ने गरिन्छ । तर केही खास पर्वहरू रात्रिमा मात्र मनाउने गरिन्छ र तिनीहरूको नाम र प्रसंग नै रात्रिको रहेको छ । त्यस्ता पर्व हुन् : कालरात्रि, सुखरात्रि र मोहरात्रि । नवदुर्गाको कालरात्रि, लक्ष्मीपूजाको सुखरात्रि, कृष्णजन्मको मोहरात्रि र शिव प्रकट भएको र कतिपयले शिवको विवाह भएको मानिएको महाशिवरात्रि ।

पुराणमा समेत प्रसिद्ध वैदिक देवता हुन् शिव । २४ हजार श्लोक भएको शिवमहापुराण नै छ । शिवलाई कल्याणस्वरूप मानिएको छ । शिव कल्याणका–कल्याणकारी देवता हुन् । शिवका धेरै नाम छन् । नाम बोलाउने मात्र विषयका रूपमा बुझ्दैआएका लौकिक जनका लागि एउटै व्यक्तिको धेरै नाम हुनु अनौठो हुन सक्छ । तर, देवताहरू नामका कारणले चिनिदैनन्, उनीहरू व्यक्ति होइनन्, व्यक्तित्व हुन्, उनीहरूका सबै नामहरू खास घटना प्रसङ्ग र उनीहरूका पौरखसँग जोडिएका हुन्छन् ।

हाम्रो नेपाली समाजमा शिवलाई महादेव, शङ्कर त भनिन्छ नै, खासगरी 'पशुपति'का रूपमा मानेर पूज्दैआएको यथार्थ छ । शिव कसरी पशुपति भए ? शिव र पशुपति कसरी एउटै हुन् ? यस्ता प्रश्नहरू उठ्न सक्दछन् । शिव सहस्रनाम बारे धेरैलाई थाहा होला । यस हिसाबले शिवका हजार नाम भए । शिव सहस्रनाममा 'पशुपति'को नाम शिवकै नामको रूपमा उल्लेख गरिएको छ : दम्भो ह्यदम्भो वैदम्भो वश्यो वशकरः कलिः । लोककर्ता पशुपतिर्महाकर्ता ह्यनौषधः ॥

विश्वप्रसिद्ध कोषग्रन्थ 'अमरकोष'मा शिवका ४८ नाम भनिएको छ । यिनै नामहरूमध्ये एउटा नाम 'पशुपति' हो । शिवका यी नामहरू उनका 'गुण–विशेषता' हुन् । हरेक नाममा उनका काम, उनका विशेषता, कुनै खास अर्थ र क्षमताको अर्थ प्रकट हुन्छ । शिवका ती ४८ नाम यस प्रकार छन् :

शम्भुरीशःपशुपतिःशिवःशूलीमहेश्वरः । ईश्वर शर्व ईशानः शङ्करश्चन्द्रशेखरः ।

भूतेशः खण्डपरशुर्गिरीशो गिरिशो मृडः । मृत्युञ्जयः कृत्तिवासाःपिनाकीप्रमथाधीपः ।

उग्रःकपर्दी श्रीकण्ठः शितिकण्ठः कपालभृत् । वामदेवो महादेवो विरूपाक्षस्त्रिलोचनः ।

कृशानुरेताः सर्वज्ञो धूर्जटिर्नीललोहितः । हरः स्मरहरो भर्गस्त्र्यम्बकस्त्रिपुरान्तकः ।

गङ्गाधरोकन्धकरिपुःक्रतुध्वंसी वृषध्वजः । व्योमकेशो भवो भीमः स्थाणू रुद्र उमापति ।

अर्थात् १. शम्भु, २. ईश, ३. पशुपति, ४. शिव, ५. शूली, ६. महेश्वर, ७. ईश्वर, ८. शर्व, ९. ईशानः, १०. शङ्कर, ११. चन्द्रशेखर, १२. भूतेश, १३. खण्डपरशु, १४. गिरीश, १५. गिरिश, १६. मृड, १७. मृत्युञ्जय, १८. कृत्तिवासा, १९. पिनाकी, २०. प्रमथाधीप, २१. उग्र, २२. कपर्दी, २३. श्रीकण्ठः, २४. शितिकण्ठ, २५. कपालभृत्, २६. वामदेवो, २७. महादेवो, २८. विरूपाक्ष, २ ९. त्रिलोचनः, ३०. कृशानुरेत, ३१. सर्वज्ञ, ३२. धूर्जटि, ३३. नीललोहित, ३४. हर, ३५. स्मरहरो, ३६.भर्ग, ३७. त्र्यम्बक, ३८. त्रिपुरान्तक, ३९. गङ्गाधर, ४०. अन्धकरिपु, ४१. क्रतुध्वंसी, ४२. वृषध्वज, ४३.० योमकेश, ४४. भवो, ४५.भीम, ४६.स्थाणू, ४७. रूद्र र ४८.उमापति यी शिवका ४८ नाम हुन् । यी सबै नाम शिवका गुण, विशेषता र सामर्थ्य हुन् । यी सामर्थ्य र यी नामको प्रसङ्ग खोज्नु र जनसमक्ष ल्याउनु आवश्यक छ ।

विशेषतः शैवमार्गी र आमरूपमा हिन्दु सनातनीहरूले शिवरात्रिलाई 'महाशिवरात्रि' भनेर शिवको आराधना गरी मनाउने प्रचलन रहेको छ । देशका शिव मन्दिरहरूमा यस दिनलाई महापर्वको रूपमा मनाइने गरिन्छ । शिवलाई देवहरूका पनि देव मानेर देवाधिदेव, महादेवका रूपमा सम्मान गरिन्छ । हाम्रो देशमा पशुपतिनाथ मन्दिरमा महाशिवरात्रिपर्व अत्यन्त श्रद्धापूर्वक मनाउने गरिन्छ । यहाँ एकै दिनमा लाखौँ श्रद्धालुहरू विभिन्न ढंगले सहभागी भई पशुपतिनाथको दर्शन गर्दछन् ।

मेला, पर्वहरू, उत्सवहरू बाहिरी रूप पक्ष हुन् । हामीले यी रूप वा आवरणसँग जोडिएको सारतर्फ पनि ध्यान दिन आवश्यक हुन्छ । पशुपतिलाई पशुपतिनाथ पनि भनिन्छ । नेपालमा केही समयअघिसम्म पशुपतिनाथलाई राष्ट्रदेव पनि भनिन्थ्यो । राजनीतिक व्यवस्था परिवर्तन भई राजतन्त्रको अन्त्य तथा 'धर्मनिरपेक्षता'सँगै पशुपतिनाथलाई राष्ट्रदेव मान्ने विषय पनि छुट्यो र धार्मिक सन्दर्भमा नजानिदो गरी राजनीतिक प्रभाव पर्‍यो । तर जेसुकै भनिएको भए पनि संसारका हिन्दूहरू मात्र नभई सम्पूर्ण ॐकार परिवारका मानिसहरू महाशिवरात्रि पर्व र अन्य दिनमा समेत अत्यन्त श्रद्धाभक्तिपूर्वक पशुपतिनाथको आजा–पूजा तथा दर्शन गर्दछन् ।

शिवलाई नीलकण्ठ भनिएको छ । देवासुर संग्रामका क्रममा निस्केको कालकूट नामको विष पिएर

त्यसलाई कण्ठमा राखेको हुनाले उनको कण्ठ नीलो भयो भन्ने वर्णन पुराणहरूमा पढ्न पाइन्छ । यसको तात्पर्य हो, सामूहिक लोककल्याणकारी कामको क्रममा आइपर्ने जस्तोसुकै कठिनाइ वहन गर्ने महानता शिवमा थियो । यसबाट हामीले के शिक्षा पाउँछौं र जीवनमा

लागू गर्दछौँ भन्ने विषय सारभूत विषय हो । यो एउटा उदाहरण मात्र हो । शिवका सबै नामका गूढार्थ छन्, यी सबै मानिसका लागि जान्न–बुझ्न योग्य छन्, मननीय छन् ।

पशुपतिप्रतिका धार्मिक निष्ठा आ–आफ्ना छन् । यिनको पूजा गर्नेहरूमध्ये नियमित रूपमा गर्ने, नैमित्तिक वा पितृउद्धार आदि विशेष कारणले गर्ने र काम्य वा मनमा विशिष्ट फलप्राप्तिको कामना राखेर गर्ने गरी तीनै भावका श्रद्धालुहरू रहेका छन् ।

बद्धोकहं विविधैः पाशैः संसार भवबन्धनै : । पतितं मोहजालं मां त्वं समुद्धर शंकर ॥ अर्थात् हे शंकर ! म संसारसागरका विविधपाशहरूद्धारा बाँधिएको छु । यसरी मोहपाशमा बाँधिएको मलाई तपाईँले उद्धार गर्नुहोस् । यसबाट पशुपतिको अर्थ स्पष्ट हुन्छ ।

विद्वान्हरूबाट 'पशुपति'शब्दको व्युत्पत्ति यसरी पनि गरिएको पाइन्छ : पशूनां–पाशबद्धानां जीवानां पतनात्, पाति– रक्षतीति = पशुपतिः । पशूनां–पाशबद्धानां जीवानां (बन्धनमा बाँधिएका जीवहरूलाई) पतनात् (पतन हुनबाट) पाति(रक्षागर्दछ जसले) पशुपतिः (ती पशुपति हुन्) ।

यसरी 'म पाश अर्थात् बन्धनमा बाँधिएको छु, म बन्धनबाट मुक्त हुन पाउँ' भन्ने अभिलाषा राख्ने सचेत प्राणी त मानिस नै हो । मानिस लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष आदिको बन्धनले जकडिएको छ । मानिसले बुझेको छ, यी सबै बन्धनहरूले क्षणिक भौतिक सफलता दिइरहेको भए पनि मानसिक शान्ति र आनन्द दिन सक्दैन । मात्रामा तल-माथि होला, तर सबै मानिसहरू यस्ता बन्धनमा बाँधिएका छौँ । त्यसैले यहाँ पशुपतिनाथको मन्दिरमा आएर आफ्ना बन्धनहरूबाट मुक्तिको भावना वा कामना राखेर, मानसिक शान्ति र आनन्दको भाव विकास गर्न खोज्दछन् । आफूहरू पतन हुनबाट जोगिने आध्यात्मिक उपायको खोजी गर्दछन् ।

संसारले जतिजति भौतिक प्रगति गरेको छ, यो मानव जीवनको सहजता र सुविधाको लागि साह्रै महत्त्वपूर्ण छ, आविष्कार र आविष्कारकहरू महान् छन्, तर यी सब विषयको भोगको लालसाले मानिसलाई कस्तो बनाएको छ ? कति लुछाचुँडीमा संलग्न गराएको छ ? यसको प्राप्तिको लागि मानिसले आफूलाई कसरी अघि बढाएको छ ? यही पाशले बाँधेर मानिसलाई मानवीयता भन्दा तलतल झार्दैछ । जीवनका मानवीय पक्ष इमान, जमान, सद्भाव, समभाव आदिबाट मानिस गिर्दो छ । हामीले 'पशुपति'को यो आसय 'पशूनां–पाशबद्धानां जीवानां पतनात्, पाति– रक्षतीति पशुपतिः'लाई जागृत गर्नुपर्छ । अन्यथा अरू मेला र महाशिवरात्रि पर्वोत्सवमा केही भिन्नता शेष रहनेछैन ।

भनिन्छ, हरेक महिनाको कृष्ण चतुर्दशी 'शिवरात्री' हुन्छ, तर फागुन कृष्ण चतुर्दशीको रात्रि 'महाशिवरात्रि' हुन्छ । महाशिवरात्रिलाई शिव प्रकट भएको रात्रि भनेर मानिन्छ । शिवपुराणमा यस सम्बन्धी उल्लेख गरिएको छ । यसै रात्रिमा देवी पार्वती र शिवको विवाह भएको पनि मानिन्छ । अध्यात्ममा यस्ता अनेकौं विषय त छँदैछन्, लौकिक रूपमा पनि शिवको प्राकट्य र दाम्पत्य जीवनसँग जोडिएको यो दिन/रात्रि साह्रै महत्त्वपूर्ण छ । यसले देव, महादेव, देवी, महादेवी पनि जीवन लीलामा रहेको स्पष्ट हुन्छ । यस्ता अवसरहरूले जीवनलाई उल्लासमय बनाइ रहन, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष आदि बन्धनहरू र तिनीहरूका कारण हुन सक्ने पतनबाट जोगिने संकल्पका लागि शिवरात्रि र पशुपतिको महत्त्व छ । यसको आयोजन र व्यवस्थापनमा यो र यस्ता पक्षहरूमा ध्यान दिन आवश्यक छ ।

मानिस अनेकौं पाशहरू र तिनको बन्धनमा बाँधिएको छ । पशुपतिनामले पाशबद्धताबाट मुक्ति भन्ने जनाउँछ । शब्द, शब्दको अर्थ र मर्म बुझेर गरिने व्यवहार सार्थक हुन्छ । त्यसो नगरी लहैलहैमा लागेर गरिने कर्म फगत अन्धविश्वास मात्र हुन्छ । पाशुपत दर्शन यस्तो दर्शन हो, जहाँ जात, धर्म, वर्ण, लिङ्गमा आधारित भेद नहुने दृष्टिकोण प्रतिपादन छ । हाम्रो नेपालमा नै पशुपतिनाथको मन्दिर हुनु हामी सबैका लागि गौरवको विषय हो । अनेकौं विभेद तथा पाशयुक्त जीवनबाट मुक्तभई जीवनलाई सहज बनाउन पाशुपत दर्शन अध्ययन तथा अनुपालन गर्न आवश्यक छ । थोरै पनि मनन् गर्ने हो भने पशुपतिनाथको रूप दर्शनबाट सारतर्फको यात्राका लागि महाशिवरात्रिपर्व सबैका लागि कल्याणकारी हुन सक्दछ । ❖

तन्मे मनःशिवसङ्कल्पमस्तु !

–त्रिवेणीधाम, नवलपरासी

शिवरात्रिलाई पशुपतिले चिनोस्

–हरिप्रसाद सोडारी

यस वर्ष फागुन ६ गते शिवरात्रि पर्व परेको छ । पशुपति हामीसँगै छन् अझ भनौं राजधानीकै काखमा छन् । हिन्दुहरूकै बाहुल्यता भएको मुलुकमा संस्कृति मन्त्रालय पनि छ र पशुपतिको श्रीवृद्धिका लागि पशुपति क्षेत्र विकास कोषले काम गरिरहेको छ । साउन महिना, हरितालिका, शतबीज र शिवरात्रिमा दर्शनार्थीहरूको अनियन्त्रित भीड हुन्छ । पीडा पखाल्न, लक्ष्य प्राप्त गर्न, कर्तव्य निभाउन अनेक लक्ष्य लिएर भक्तालुहरू आउँछन् । उनीहरूलाई दिनभरि पाशुपतक्षेत्रमै बसेर पशुपतिको महिमा सुन्न, ध्यान गर्न, परिक्रमा गर्न, भजन गाउन रहर हुन्छ । मानिसहरू यी सेवा दिन पनि तयार छन्, लिन पनि तयार छन् तर समन्वय गर्न जरूरी छ । विभिन्न धार्मिक संस्थालाई शिवसम्बद्ध प्रवचन, अनुष्ठान, योग, जप गराउन सकेको भए पशुपतिको गरिमा मात्र होइन कोषलाई लागेको दोष पखाल्ने सौभाग्य मिल्ने थियो । गुरूमन्दिर, उमाकुण्ड, गौरीघाटबाट वाग्मतीको किनार हुँदै सूर्यकुण्डबाट आर्यघाट, भष्मेश्वरलाई लक्ष्य गरी बाटो निर्माण गर्ने हो भने लघुपरिक्रममा गराउन सकिन्छ । अर्को गौरीघाट, गुह्येश्वरी, ढलको कार्यालय पारिबाट मृगस्थली र ध्रुवस्थलीको बिचको बाटो पार गरी तिलगंगा, राजेश्वरीघाट हुँदै लामो परिक्रममा गराएको भए भक्तहरूको आशीर्वाद लाग्ने थियो । स्वयम्भूनाथको परिक्रमाले भक्तको भीडलाई मात्र नियन्त्रण गरेको छैन तीर्थाटनको महत्त्वलाई बुझाएको छ । त्यसलाई पशुपतिमा लागु गर्न सके दर्शनार्थीको हृदयमा पशुपतिप्रतिको श्रद्धा बढ्ने थियो ।

पशुपतिमा कति र कस्ता प्रकारका शिवलिङ्ग छन् भन्ने बारेमा हामी नै बेखवर हुनाले के संकेत गर्छ पशुपतिले नै बुझून् । ६४ शिवलिङ्गमध्येका गुह्येश्वर, जलेश्वर, किरातेश्वर, पर्वतेश्वर, रूद्रगारेश्वर, भुवनेश्वर, भष्मेश्वर गरी ७ वटा दर्शनीय शिवलिङ्ग पाशुपत क्षेत्रभित्र पर्छन् । शिवरात्रिका अवसरमा यिनीहरूका दर्शन गराउन सकेको भए सुनमा सुगन्ध हुने थियो । पाशुपत क्षेत्रभित्र तन्त्र, मन्त्र र मिश्रित विधिबाट पूज्दा दैवी–ऊर्जालाई अनुभव गर्न सकिने शिवलिङ्ग प्रसस्तै छन् । दुईवटा जलहरी भएका, जमिनको सतहमुनि रहेका, अनेका मुखाकृति भएका शिवलिङ्गले मौन रूपमा अनेक सन्देश दिएको तथ्यलाई शिवरात्रिमा उजागर गर्न सके हाम्रो शिर ठाडो हुने थियो । कतिपय शिलालेख र अद्भूत ऊर्जा भएका शिवलिङ्गले पशुपतिलाई मात्र जिस्क्याएको छैन, शिवरात्रिलाई नै गिज्याएको छ । तिनीहरू रूग्णमात्र होइन देखाउने लाजमर्दो भएका छन् । शिवरात्रिमा दर्शनार्थीलाई व्यवस्थित बनाएर लाइनमा राख्नमात्र होइन शिवतत्त्वबारे, पशुपतिका सम्बन्धमा प्रशिक्षित गराउन सके अझै प्रभावकारी हुने थियो । यतिबेला विभिन्न सिद्धहरू अनेकौ स्थानबाट आउँछन् । उनीहरूलाई बस्ने प्रबन्ध, दर्शन गर्ने नियम, आशीर्वाद दिने थिति राखिदिने हो भने उदाहरणीय कार्य हुने थियो । शिवरात्रिको समयमा सहयोग गर्ने समूह, संस्था र व्यक्तिको कमी हुँदैन तर परिचालन र पहिचान गर्नेकै अभाव छ ।

कैलाश, हंशमण्डप, भण्डारखाल, मृगस्थलीलगायतका स्थानमा विभिन्न ज्ञान, विज्ञान र ध्यानवर्द्धक कर्ममा लगाउन सकिने थियो । वनकालीलाई कृपालुबाटिका बनाउन, भष्म लगाउनुपर्नेलाई सुन घसिदिन हतार गर्दा हीरा र कौडी एउटै बन्न पुगे । टिकटक, फोटो, लाइभ र लाइनलाई मात्र होइन यसका धार्मिक, संस्कृतिक, वैज्ञानिक, ऐतिहासिक आदि पक्षलाई प्रकाश पार्न सके राष्ट्रकै कल्याण हुने थियो ।

ऋग्वेदले उषाकी बहिनीलाई रात्रि भनेको छ । ऋग्वेदमा रात्रिसँग तमरूपी अँध्यारो, अज्ञानलाई आउन नदेऊ भनी प्रार्थना गरिएको छ ।[१] रात्रिको अर्थ ज्ञान पनि हुन्छ । शिवसँग सम्बद्ध रात्रिलाई शिवरात्रि भनिन्छ । शिवरात्रिमध्येको सर्वोत्कृष्ट रात्रि महाशिवरात्रि हो । साधना र ब्रह्मचिन्तनका लागि पौरस्त्य परम्परामा मोहरात्रि, कालरात्रि, सुखरात्रि, शिवरात्रिलाई विशेष मानिन्छ ।

(क) मोहरात्रि- कृष्णको जन्म (भाद्रकृष्ण अष्टमी)लाई मोहरात्रि भनिन्छ ।

(ख) कालरात्रि- आश्विनशुक्ल अष्टमीलाई कालरात्रि भनिन्छ ।

(ग) सुखरात्रि- कार्तिक औँसीलाई सुखरात्रि भनिन्छ ।

(घ) शिवरात्रि- फाल्गुन ११ औँ महिना हो, रूद्र पनि ११ छन् । चतुर्दशी तिथिका स्वामी शिव हुन् । 'शिवस्य रात्रिः शिवरात्रि' अर्थात् शिवको रात्रि नै शिवरात्रि हो ।

शिवको अर्थ 'परमात्मा' र रात्रिको अर्थ 'ज्ञान' हुन्छ । जुन दिनको साधनाबाट परमात्माको बोध हुन्छ त्यसलाई शिवरात्रि भनिन्छ । एक वर्षमा शिवा, शान्ता, सिद्धिदा, जया, मनोरमा, कान्ता, आह्लादा, सौम्या, शुभा, मणिप्रभा, विश्वा र विश्वकृदुद्भवा नाम गरेका बाह्रवटा चतुर्दशीहरू प्रसिद्ध छन्, यिनीहरू मङ्सिर महिनाबाट आरम्भ भएर कार्तिक महिनामा पूर्ण हुन्छन् ।[२] रात्रि शब्दमा रहेको 'रा' ले ऐश्वर्य र "त्र' ले 'रक्षा'गर्नु भन्ने बुझाउँछ । "शिव एवं राधनं तत् त्रायतेति शिवरात्रम्" अर्थात् शिवस्वरूप परमात्माले जसको धन रक्षा गर्नुहुन्छ त्यस्तो शुभ रात्रिलाई शिवरात्रि भनिन्छ । राति जन्मिए पनि 'जन्मरात्रि' भनिँदैन जन्मदिन मनाउने चलन छ । शिवसँग जोडिएको रात्रि शब्दको 'रात वा अन्धकार' नभई धन, ज्ञान, आनन्द भन्ने अर्थ हुन्छ । शिवले जीवात्माको कल्याणार्थ अनुकम्पा गर्ने, परमात्माको साक्षात्कार गर्न, सबै इच्छा पूर्ण गर्न र अभ्युदय प्राप्त गर्ने रात्रिलाई शिवरात्रि भनिन्छ ।

जुन दिन र रात्रिमा चतुर्दशी तिथि हुन्छ, त्यसलाई निश्चित रूपले शिवरात्रि मान्नुपर्छ ।[३] शिवरात्रिका दिन महिलाले मात्र होइन जसले पनि व्रत बस्न सक्छ । स्वास्थ्य, उमेर, स्थान आदिलाई ध्यान दिई जलाहार, फलाहार, निराहार व्रत बस्न सकिन्छ । गाँजाहार, धतुरोआहार, चरेशाहार गरी व्रत बस्ने हाम्रो परम्परा शास्त्रमा उल्लेख छैन । महादेवले गाँजा खान्छन् भनेर गाँजा खाने हो भने महादेवले सर्पका माला लगाउँछन्, कम्मरमा बाघको छाला बेरेर हिमालमा बस्छन्, खरानी घसेर मशानघाटमा रहन्छन्, गणेश एवम् दक्षप्रजापतिमा क्रमशः हात्ती तथा बोकाको टाउको जोड्छन्, कालकुट विषको सेवन गर्छन्, के त्यो काम हामी गर्न सक्छौं ? शास्त्रको मूलमर्म नबुझेर देवीदेवतामाथि आरोप लगाउँदा पुर्खामाथि अन्याय, शास्त्रमाथि प्रहार, देवीदेवतामाथि अपमान हुन्छ । महादेवबुटी मानेर मादक पदार्थ सेवन गर्नु महाअपराध हो । शिवरात्रिमा उपवास, रात्रि जाग्रम र शिवपूजा गरी तीन विधिबाट शिवको अनुष्ठान गरिन्छ । चाण्डालदेखि मनुष्यसम्म सबैले शिवरात्रिमा व्रत बस्दा इच्छाएको फल प्राप्त हुनका साथै मुक्ति पनि प्राप्त हुन्छ ।[४] शिवरात्रिको महिमा वर्णन गर्ने शिवपुराण(कोटिरूद्रसंहिता, ३७ अध्याय) को कथा बडो प्रासङ्गिक छ ।

कुनै वनमा हत्या र कुकर्म गर्ने गुरूद्रुह नामको बलवान् भिल्ल बस्दथ्यो । मृगहरू मार्ने र चोरी गर्ने कार्यबाट परिवारको पालनपोषण गर्थ्यो । एकपटक शिवरात्रिको दिन उसका परिवारले भोकले व्याकुल छौं, खाने कुरा देऊ भने । गुरूद्रुह तुरून्तै धनुष लिएर वनमा गयो । दिनभर अनेक प्रयास गर्दा शिकार पाएन, सूर्य अस्ताए । अत्यन्त दुःखित भएर जलाशयका नजिकमा राति जनावर आए शिकार गरी घर जाउँला भनी बेलको रूखमा चढेर बस्यो । रात्रिको पहिलो प्रहरमा एउटी मृगिणी तिर्खाले आत्तिएर त्यहाँ आई । भिल्लले धनुमा बाण चढाउन लाग्दा रूखको हाँगो हल्लिएर उसले लिएको जल (पानी) र बेलपत्र खसेर शिवलिङ्गमा पऱ्यो । सौभाग्यवश भिल्ललाई ज्ञान नभएर पनि शिवको पहिलो प्रहरको पूजा हुन गयो र सारा पाप नष्ट भए । भिल्ललाई देखेर मृगिणी डरले व्याकुल हुँदै भनी "हे व्याधा ! तिमी के गर्न चाहन्छौ ?" भिल्लले भन्यो "मेरा परिवार भोकै छन्, तँलाई मारेर उनीहरूलाई खुवाउँछु ।" मृगिणीले- "अनर्थ गर्ने यो शरीरको मासुले तिमीलाई सुख हुन्छ भने मेरा लागि अर्को के पुण्य हुन्छ र ? तर मेरा बच्चाहरूलाई अन्तिमपटक भेट गरी स्वामीको जिम्मा लगाएर आउनेछु



यसमा शङ्का छैन ।" भनी भिल्लसमक्ष बाचा गरी ।

व्याधाले विश्वास गऱ्यो र छोडिदियो । राति अबेरसम्म घर नफर्केको हुनाले मृगिणीकी बहिनीहरूले उसलाई खोजी गर्दै पानी पिउन आए । व्याधाले पहिलाजस्तै बाण उठाउन खोज्दा जल एवम् बेलपत्र शिवलिङ्गमाथि पऱ्यो र दोस्रो प्रहरमा पूजा भयो । यसबाट व्याधाले सुख प्राप्त गऱ्यो । बहिनी मृगिणीले व्याधालाई देखेर जीवनयाचना गरे । व्याधाले पहिलेजस्तै वाचा गरी छोडिदियो । प्रतिज्ञा गरेर आएका ती सबै मृगिणीहरूले एक अर्कासँग सम्बन्धित घटना सुनाए । उनीहरूले प्रतिज्ञा गरेको हुनाले जानैपर्छ भन्ने अठोट गरे । जेठी मृगिणीले आफूमात्र जाने कोशिस गरी । जेठीको कुरा सुनेर कान्छी भन्छे– "म तपाईकी सेविका हूँ त्यसैले म जान्छु ।"

मृग र मृगिणीहरूले आफ्ना सन्तानलाई सम्झाई छिमेकीहरूको जिम्मा लगाएर व्याधासमक्ष आए । तिनीहरूलाई देखेर व्याधाले खुशी हुँदै धनुमा बाण चढायो । रूखको हाँगो हल्लिएर फेरि शिवलिङ्गमाथि जल र बेलपत्र पऱ्यो । शिवपूजाका प्रभावले उसलाई दुर्लभ ज्ञान प्राप्त भयो । व्याधाले भन्यो– "हे मृगश्रेष्ठ हो ! तिमीहरू धन्य छौ, आफ्ना आश्रममा जाओ ।" अज्ञानवश भए पनि परिस्थितिले गर्दा शिवपूजा गरी व्याधाले मुक्ति पायो । विधिविधान र श्रद्धारहित भएर गरेको शिवपूजाबाट त फल मिल्छ भने श्रद्धाभक्तिसहित गरेको शिवपूजाबाट अनेकौं लाभ प्राप्त हुन्छ । यस्तो महनीय रात्रि नै शिवरात्रि हो ।

कालमाधव (पृ. ३६६)मा भनिएको छ– "यो रात्रि शिवजीको रात्रि भएकाले शिवको प्रिय छ । यस रात्रि सबै लिङ्गहरूमा शिव रहनुहुन्छ । जो चर र स्थावरलिङ्ग छन् सबैमा त्यो रात शिव रहने भएकाले हे देवी ! उस शिवरात्रिको हरबल्लभाको नामले चिनिन्छ ।" यस रात्रिको साधनाले शिवको साक्षात्कार वा मृत्युपछि शिवसायुज्य प्राप्त हुन्छ । थोरै परिश्रमले अधिक लाभ मिल्ने हुँदा राति जाग्राम बस्ने, धुनी ताप्ने, शिवसम्बन्धी भजन गाउने, रूद्राक्षका मालाले मृत्युञ्जयलगायतका मन्त्र जप्ने गर्दछन् । 'शैव, वैष्णव वा अन्य जसका पूजक भए पनि शिवरात्रिमा शिवको पूजा गरे भने सबै पूजाको फल प्राप्त हुन्छ ।'[५]

शिवरात्रिको साँझपख शिवधुनीका रूपमा दोबाटो–चौबाटोमा आगो बालिन्छ । धुनी जागरणको प्रतीक हो । धुनी ताप्दा रोग हट्ने, धुनीमा पाकेका भोजन प्रसाद हुने, धुनीको खरानी ईश्वर स्वरूप मानिने परम्परा हराइसकेको छ । अहिले धुनीमा बसेर शिवको चिन्तन गर्नुभन्दा गाँजा तान्ने विकृति बढेको छ । महादेव खरानी घस्छन् अर्थात् महादेवलाई धुनीप्रिय भएको देखाउन यस्तो गरिएको हो । शिवरात्रि साधना गर्ने रात्रि हो, ज्ञान र ऐश्वर्य छिटै प्राप्त गर्ने रात्रि हो, अनेकौँ जन्मका पापलाई नाश गर्ने रात्रि हो । भावनात्मक रूपले हृदयमा शिव राखेर प्रार्थना र चिन्तन गर्ने दिन हो । हाम्रा पर्वले परमात्मासँग जोड्न सिकाउँछ, मादक पदार्थ पिएर समाजमा वितण्डा मच्चाउन लगाउँदैन । यसैले शिवजस्तै सत्यं शिवं सुन्दरं हुनका लागि शिवरात्रिमा शिवको साधना गर्नुपर्छ । यहाँ हुने गलत कर्मले पशुपति क्षेत्रको मात्र बदनाम हुँदैन हिन्दुधर्म, नेपाली जनता, वैदिक पर्वमाथि प्रश्न उठ्छ । यसकारण शिवरात्रिलाई पशुपतिले चिन्नुपर्छ र पशुपतिले शिवरात्रिलाई बुझ्नुपर्छ अनि मात्र शिवरात्रि वास्तवमै शिवरात्रि हुन सक्छ कि ?❖

१. उपमापेपिशत्तमः कृष्णं व्यक्तमस्थिता । उषऋणेवयातय ॥ –ऋग्वेद (१०।१२७।७)

२. अपराजितपृच्छा (३१।३१–३२)

३. दिनमानप्रमाणेन या च रात्रौ चतुर्दशी ।शिवरात्रिस्तु सा ज्ञेया चतुर्दश्यां तु पारणम् ॥–पुरूषार्थचिन्तामणि (पृ. ३२४)

४. शिवरात्रिव्रतं नाम सर्वपापप्रणाशनम् । आचाण्डालं मनुष्याणां भुक्तिमुक्तिप्रदायकम् ॥–माधव ईशानसंहिता

शैवो वा वैष्णवो वाऽपि यो वा स्यादन्यपूजकः ।
सर्वपूजाफलं हन्ति शिवरात्रिबर्हिमुखः ॥

– पुरूषार्थचिन्तामणि, (पृ. ३१६)

–खोप्लाङ, गोरखा

राष्ट्रदेव श्रीपशुपतिनाथको अष्टमूर्ति आदिको दिव्यता र हाल सेवामा देखिएको अव्यवस्था

–आचार्य ढुण्ढिराज न्यौपाने

भगवान् शिवका आठ मूर्ति पुराणमा प्रसिद्ध छन् । त्यसैले गर्दा उहाँको नाम नै अष्टमूर्ति रहनगएको छ । ती आठ मूर्ति भूमि, अग्नि, जल, पवन, आकाश, सूर्य, चन्द्र र जीवात्मा हुन् । यिनका अधिष्ठातृदेवका रूपमा भगवान् शङ्करका आठै नाम कहलिएका छन् । शर्व, भव, उग्र, भीम, पशुपति, ईशान, महादेव र आत्मा । माथिका आठ तत्त्वका अधिष्ठातृदेवका रूपमा क्रमशः यी आठ रूप मानिएका छन् ।

यसरी भगवान् श्री पशुपतिनाथको विश्वव्यापी रूपको प्रतिपादन यी आठ रूप र आठ नामबाट गरिएको छ । यिनको विशेष चर्चा शिवपुराण शतरूद्रसंहितामा पाइन्छ । यिनै आठ रूप र आठ नामको संस्मरणमा भगवान् शिवलाई अष्टपुष्पिका अर्पण गर्ने चलन रहेको पाइन्छ । यो चलन धेरै अघिदेखि चलेको र शिवभक्तिको एक अभिन्न अङ्गका रूपमा प्रतिष्ठित बनेको देखिन्छ ।

सातौँ शताब्दीका महाकवि बाणभट्टले आफ्नो कृति हर्षचरितको तृतीय उच्छवासमा भैरवाचार्य नामका शिवभक्तले भगवान् शिवलाई अष्टपुष्पिका चढाएको प्रसङ्ग उल्लेख गरेका छन् । लिच्छवि राजा जयदेव द्वितीयले भगवान् श्रीपशुपतिनाथलाई चाँदीको अष्टदल कमल चढाएको प्रसङ्ग त उनको पशुपति अभिलेखको माध्यमबाट बहुचर्चित नै बन्नपुगेको छ । भगवान् शिवका आठ रूपमध्ये पशुपति रूपचाहिँ आत्माको रूपमा रहेको र अन्य सबै रूपमा व्याप्त रहेको कुरा बताउँदै यो सम्पूर्ण विश्व नै शिवात्मक रहेको कुरा यसरी प्रतिपादन गरिएको छ ।

अनन्त ब्रम्हाण्डका रक्षक आराध्यदेव श्रीपशुपतिनाथ विश्वमा ओमकार परिवारको आस्थाका केन्द्र मानिनु हुन्छ । जीवनमा एकपल्ट मात्र भएपनि श्रीपशुपतिनाथको दर्शन गर्नाले जन्ममरणको कराल चक्रबाट छुटकारा पाइने कुरा शास्त्रसम्मत छ । यति विशाल विरासद बोकेका भगवान् श्रीपशुपतिनाथ शिवपुरीस्थित वागद्वारबाट वगेकी वागमती नदीको सानिध्यमा विराजमान हुनुहुन्छ । सनातन समयदेखि वागमतीको पवित्रजलद्वारा भगवान् श्रीपशुपतिनाथको स्नान र महास्नान गरिँदै आएकोमा केहि समयदेखि वागमतीको जल प्रदूषितभएको कारण पशुपतिनाथको दक्षिणपट्टिको भागमा इनार खनेर सो जलबाट श्रीपशुपतिनाथको स्नान र महास्नान गरिँदै आएको छ । सामान्यतया व्यक्तिको घरमा समेत दक्षिणपट्टि जलाश्रय हुनु वास्तु दोष मानिन्छ भने स्वयं राष्ट्रदेवको सेवामा प्रयोग हुने जलअशुभ दिशाबाट प्रयोग गरिनु राष्ट्र र जनाताको लागी राम्रो होला त ? यतिलामो अन्तरालसम्म वागमती प्रदूषित भएकोमा सम्बधित निकायले काधमा जिम्मेवारी र हृदयमा इमान्दारीपूर्वक काम गरेका भए के आजसम्म पनि वागमती स्वच्छ र निर्मल भई बग्ने थिइनन् र ?

अतः सम्बन्धित पक्षले यस बिषयलाई जिम्मेवारी पूर्वक मनन गर्नुपर्ने देखिन्छ । यो ऋषिमुनिको पवित्रभूमि, देवभूमि, योगभूमि, गोरक्ष, कपिल, व्यास, भृकुटि, सीतामात्र नभई स्वयं बुद्धभूमिको महत्त्व र गरिमालाई उच्चबनाई राख्नका लागि भगवान् श्री राष्ट्रदेव पशुपतिनाथमा वागमतीकै निर्मल जलबाट स्नान र महास्नान गराउनुपर्दछ । आम भक्तजनहरूले सो तीर्थ जल घर–घरमा लान सक्नेसम्मको व्यवस्था वहनगर्न सम्बधित पक्षलाई यो समाज सचेत समेत गराउँदछ ।❖

श्री विन्ध्यवासिनी नीलकण्ठ अध्यात्म समाज, टोखा– ६, काठमाडौँ

पशुपतिका प्राचीन जातिहरू



–शङ्करमान भण्डारी

अघिल्लो अंकबाट क्रमशः

घ) राजवैद्य वर्ण (जात)का वंशहरू :

नवाली टोल, जयवागेश्वरी (क्वाको), दःथु (ज्वोन)टोलका बस्तीहरूमा यो समुदायका मानिस बस्ने गरेका छन् । देशोद्धार पूजामा क्षत्रीको रोलमा प्रतिनिधित्व गर्ने बज्राचार्य भण्डारी, विशेत, वैद्य पदमा विराजित जातहरू र यहाँका अन्य छ थरि श्रेष्ठ वर्ण (जात)का समाज एकै स्तरका हुन् ।

५) पाँच थरि (न्यास) श्रेष्ठ र शाक्य

पाँच थरि (न्यास) श्रेष्ठ र शाक्यहरू एकै वर्गको समुदाय हो ।

क) न्यास थरि श्रेष्ठहरूः यी विविध थरका व्यापार गरी आफ्नो पेशा चलाई समाजको सेवा गरी बसेका जातिहरू हुन् । यिनीहरूले किराना पसल, कपडा पसल, चिया नास्ता र मिठाइ पसल सञ्चालन लगायतका व्यवसाय गर्दछन् । यिनीहरू जयवागेश्वरी, दःथु टोल, भकुँटोल, पाँचाटोल, इटाटोल वरिपरि साथै लगनलाछीटोल, नवालीटोल, सिफल चौर क्षेत्र, कुटुवहाल, चावहिल, चावहिल गणेशस्थान वरिपरि लगायतका क्षेत्रमा रहेका छन् ।

ख) शाक्यवर्णका जातजातिहरू : यी वंशहरूबाट पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा संरक्षणको कार्य हुँदैआएको छ । यिनीहरूले शिव पार्वतीको पौराणिक नाच सिकाई उक्त नाचको प्रदर्शनमार्फत यहाँको पौराणिक संस्कृतिको परम्परा चलाउँदै आएका छन् । हरेक वर्षको असोज महिनाको कृष्ण पक्ष परेवा तिथिदेखि तीन दिन ग्वल शहरको मूल नाशल चोक, भगवान् श्रीपशुपतिनाथको प्राङ्गण, भुवनेश्वरी चोक, गोलढुंगा चोक, गुह्येश्वरी प्राङ्गण र भट्ट पुजारीहरूको निवासमा र चावहिल बजारको भीमसेन मन्दिर प्राङ्गण, चरूमति बहाल चोक लगायतका स्थानमा यो नृत्य देखाइन्छ ।

यी समुदायका व्यक्ति र गुरूको रोलमा शिक्षा दिने बज्राचार्य गुरू; दुईपक्ष मिलेर शिवपार्वती नाचको पौराणिक कथा अनुसार संगीत ताल मिलाई उक्त शिव पार्वती (नागाचा) नाच नचाउने कार्य गरिन्छ । भाद्र महिनामा पर्ने कृष्ण पक्ष त्रयोदशी तिथिको दिन बुद्धधर्म अनुसार गरिने पञ्चदान गरिन्छ । चावहिलस्थित धन्दोतर चैत्य स्तुपामा आएका भक्तजनबाट स्वेच्छाले दिएको त्यस्तो पञ्चदान (अन्न, द्रव्यदान) शाक्यहरूले प्रसादको रूपमा ग्रहण गर्दछन् ।

अशोक राजाले आफ्नी छोरीलाई बनाई दिएको बुद्ध धर्म अनुसारको चारूमती विहार (चारू बहाल र कुटवहाल) भित्रको परम्परागत विधिविधान अनुसारको गुठी पर्व पूजा चलाई उक्त विहारहरूको संरक्षण गरी बसेका शाक्य वंशका जातिहरू सुन, चाँदी लगायतका गरगहना निर्माणको व्यवसायमा संलग्न छन् । यिनीहरूले धार्मिक कार्यमा प्रयोग गरिने सुन चाँदीका विभिन्न भाँडा वर्तन बनाउनुका साथै नेपाली पोषक सिलाउने कार्य समेत गर्दैआएका छन् । यी जातिका मानिसहरू कुटुवहाल र चारूमती वहाल वरिपरि वस्ती बसाली बसेका छन् ।

६) डंगोल, सिंह, महर्जन र नापित (नाउ)

डंगोल, सिंह, महर्जन र नापित (नाउ) यी छैटौं वर्णका जाति हुन् ।

क) डंगोल, सिंह, महर्जन : यिनले पशुपतिनाथ भण्डार तहविल कार्यालय तथा अन्य देवदेवीको मन्दिरमा मोही नाइके, सुसारे, पौवाली, द्यौपाला र भण्डारे भई कार्य गर्नुका साथ यहाँका निजी गुठी, राजगुठीको जग्गामा मोही भइ किसानी काम गर्ने गर्दछन् । आफू लगायत माथि उल्लेखित जातजातिहरूका शुभ अशूभ कार्यमा सहयोगी

भई सामाजिक सेवाका कार्य गर्नुका साथै पाशुपत क्षेत्रमा देवदेवीको जात्रा पूजा पाठ हुँदा धिमे बाजा, भूस्या बाजा बजाउने, देवदेवीको खट बोक्ने र पेशाको रूपमा डकर्मी सिकर्मीको काम समेत गर्ने गर्दछन् । उनीहरू ग्वल शहरमा भकुँटोल, जयवागेश्वरी, दःथुटोल, इटाटोल र कुटुवहाल चारूवहाल वरिपरि वस्ती बसाली बसेका छन् ।

ख) नापित (नाउँ) वर्णजातिहरू : यहाँका धर्म संस्कृति परम्परा चलाउन आफ्ना जातजाति लगायत नेवार समुदायका अन्य जात जातिको शुभ अशुभ कार्यको पर्व पूजामा पहिले चोख्याउन र हरेक महिनामा पशुपतिनाथ, वासुकी मन्दिरका पूजारी र पशुपतिनाथको मन्दिरमा आलोपालो गरी बस्ने भण्डारीहरू लगायत अन्य मन्दिरमा पूजा गर्ने पुजारी ब्राह्मण कर्माचार्यहरूलाई समेत नङ काट्ने र कपाल खौरी चोख्याउने काममा सहयोग गर्दैआएका छन् । यी अमालकोट कार्यालयमा नाउँको दरवन्दीमा रही यहाँको सिन्दुरजात्रामा सरिक भई आफ्नो कर्तव्य पालन गर्दैआएका जातिहरू हुन् । उनीहरू ग्वल नामको शहरमा दःथुटोल (ज्याना) टोलको सिरान जयवागेश्वरी चोक अगाडि इंटाटोल र चारूवहाल चोकमा समेत वस्ती बसाली बसेका छन् ।

७) संगत (महर्जन) मानन्धर र कारञ्जित वर्ण

संगत (महर्जन) मानन्धर र कारञ्जित वर्ण सातौं तहका जातजातिहरूको वर्णमा पर्दछन् ।

क) संगत : यहाँका देवदेवीहरूको मन्दिरमा दैनिक नित्य पूजा गर्न फूल रोप्ने, वगैचामा बोटविरूवा रोपी फूल फूलाएर मठ मन्दिरमा माला गाँस्ने, फूलको गुच्छा बनाई पुऱ्याउने कार्यमा यो वंश सक्रिय रहँदैआएको छ । यी वंश गोपाल वंशी राजाका पालादेखि गाई पालन गरी भगवान्लाई स्नान गराउने पञ्चामृत तयार गर्न गाईको दुध, दही, घिउ, तयार गरी भगवान् शिवको मन्दिरमा पुऱ्याई भगवान् र गौमाताको सेवा गर्ने वर्ण हुन् । अमालकोट कचहरीको कार्यालयमा कार्यालय सहयोगी (माने) पदमा रही धर्म संस्कृति र परम्परागत जात्रा पर्व पूजामा सधैं सघाउने, पशुपतिनाथका भट्ट पूजारीहरूको निवासमा र पशुपति मन्दिरमा गएर पुजारीहरूलाई उहाँहरूको भागमा आएको प्रसाद निवाससम्म पुऱ्याई आवश्यक अन्य कामकाज सघाउने गर्दछन् । यहाँको जात्रा, पर्व, मेलामा धिमेवाजा, भुस्याबाजा, बाँसुरी बाजा बजाई जात्रामा देवदेवीको खट बोक्ने, गुठीहरूले राखेको खेत बारीमा मोहीको रूपमा किसानी काम गर्ने गर्दछन् । यिनीहरूले घर बनाउने, डकर्मी, सिकर्मी लगायतको काम पनि गर्ने गर्दछन् । यिनीहरू नवालीटोल, गोलढुंगा टोल (भण्डारखालबाट हरिसिद्धि देवी ल्याउने चोक)मा बसोबास गर्दैआएका छन् ।

ख) मानन्धर वर्ण : तत्कालीन समयमा यस क्षेत्रमा बाला दैत्यले दुःख दिने गर्दथ्यो । त्यो दैत्यले यहाँ स्मशान घाटमा ल्याएका मृत लाशमाथि आक्रमण गरी लाशप्रति अत्याचार गर्नुका साथै साथमा आउने मलामी बीच उत्पात मच्चाई त्रास सिर्जना गरी दुःख दिने कार्य गर्दथ्यो । त्यस बाला दैत्यबाट मानिसलाई छुटकारा दिलाउन त्यस बेलाका राजा महाराजको आदेश अनुसार मानन्धर वर्गका मानिसले बाला दैत्यसँग मित लगाए । दैत्यलाई मारी उसबाट सबै समाजलाई छुटकारा दिलाउने समाजसेवी भाव भएका वंश हुन् मानन्धर समुदाय ।

यिनीहरू यहाँको कोलाछी (झम्केश्वरी) टोलस्थित कोटेश्वरी देवीको मूल भण्डारे सुसारे पनि हुन् । ती देवीको गुठी पूजा, पर्व पूजा गराई परम्परा धानी बस्ने समाज पनि हुन् । ती देवीको गुठीको तर्फबाट चैतमा हुने देशोद्धार पूजामा प्रतिनिधिको रूपमा पिंगलास्थानमा नौ वटा पूजा जुटाई लाने सन्दर्भमा यिनीहरूबाट पनि एक भाग पूजा लाने गरिन्छ । पेशाको रूपमा हरियो तरकारी, फलफूल, तोरीको तेल र अन्य किराना पसल राखी आफ्नो व्यवसाय चलाएर जीविका निर्वाह गर्दछन् । उनीहरू ग्वल नामक शहरमा झम्केश्वरी (कोलाछी) टोल, भकूँटोल पाचाटोल, नवालीटोल, सिफल र चावहिल बजारसम्म बस्ती बसाली बसेका छन् ।

ग) काररञ्जित वर्ग : यस वर्णका व्यक्तिहरू मन्दिरको ढोकामा रही दिनरात पशुपतिनाथको मन्दिरको पहरेदारी गरी सेवा गर्ने गर्दछन् । रातमा मन्दिरको पेटी चोकमा नै सुतेर देवदेवीको सेवा गर्ने गर्दछन् । सनेवार समुदायका अन्य जातजातिमा आसुरी परेको बेला १०-११ दिनको कार्यमा घाट नदी किनारमा सेवा गर्ने गर्दछन् । यी जातीहरू देवपत्तनमा जयवागेश्वरी (क्वाका) टोल र चावहिल बजारमा बसोबास गर्दछन् ।

८) ब्रह्मकपाली (जोगी) र डों (साँडे) जात

ब्रह्मकपाली (जोगी), डों (साँडे) र कसाइ (साई) आठौं वर्गमा पर्दछन् ।

क) ब्रह्मकपाली (जोगी) : यो जातिका व्यक्तिहरूले भगवान् पशुपतिनाथको नित्य पूजामा, यहाँको मेलापर्व र पूजाको समयमा साथै पशुपति मन्दिर बाहेक यस क्षेत्रको अन्य देवदेवी स्नानमा पञ्चेबाजा बजाउने गर्दछन् । पशुपतिनाथ प्राङ्गणभित्र रहेका बुढानीलकण्ठ, नवग्रह, हनुमान मन्दिर लगायत अन्य देवदेवी स्थानमा द्येपाल (सुसारे) भई काम गर्दछन् । त्यहाँ चढाएका प्रसाद लगायत हरेक पूर्णिमामा तामापत्र (धर्मशिला)मा महास्नान भोग प्रसाद (साढे तेह्र क्वीन्टल) दामासायीले आफ्नो कपाली समाजमा बाँढेर लाने गर्दछन् ।

पशुपतिनाथ मन्दिर प्राङ्गण बढारी सफा राख्ने त्यस्तै अन्य मन्दिर प्राङ्गण पनि बेला बेलामा सफा गर्ने र अन्य जातका व्यक्तिहरूले आशोच बारेका बेला शुरू दिनदेखि ७ दिनसम्म पितृलाई चढाएको भोज, खाद्ययपदार्थ घरघरमा लैजाने गर्दछन् । यिनले पेशाव्यवसायका रूपमा कपडा सिलाइकटाइको काम गर्दैआएका छन् । यी कपाली समाजहरू झम्केश्वरी, भकूँटोल, इटाटोल, जयवागेश्वरी तथा दःथुटोलमा बस्दैआएका छन् ।

ख) डों (साँढे) वर्ण : यस जातिबाट भगवान् पशुपतिनाथको नित्य पूजा, दैनिक त्रिकाल पूजा र जात्रा पर्वमा पञ्चेबाजा सँगै ढोलक बाजा बजाउने गरिन्छ । त्यस्तै, पशुपति मन्दिर प्राङ्गण बाहिर र अन्य मन्दिर प्राङ्गणमा पनि बाजा बजाउने गरिन्छ । मन्दिर प्राङ्गणसँगै अन्य मठमन्दिरको प्राङ्गण र चोकमा कपाली परिवार सँगै सरसफाइ कार्यमा समावेश हुने गर्दछन् ।

पशुपतिमा रहेको भीमसेन मन्दिरमा माघ महिनाको शुक्ल पक्ष भीमाएकादशी र द्वादशीको दिन मन्दिरमा जात्रा गर्ने देवदेवीको मूर्ति (प्रतिमा) भीमसेन गुठीबाट ल्याएर राखी मन्दिरमा द्येंपाला बस्ने र पूजामा भक्तजनले चढाएको खाद्यपदार्थ दक्षिणा, भेटी कपडाहरू प्रसादको रूपमा ग्रहण गर्दछन् । रात्रिकालमा मन्दिरमा पहरा दिने र मन्दिर सफा गर्ने गर्दछन् । यिनीहरू लगनलाछी टोलमा बस्ने गर्दछन् ।

ग) कसाई वर्गः यस वर्गबाट पशुपति क्षेत्रमा रहेको पञ्चबलि चढाउने देवदेवीको मन्दिरमा द्यें पाला, सुसारे भई बञ्चबलि पूजा विधिअनसार बलि दिएर पर्व पूजा गर्ने, गुठीको कार्यमा सघाइने गरिन्छ । पूजाबाट आएको प्रसाद ग्रहण गर्ने गर्दछन् । यहाँको देवदेवीको जात्रामा कसाई बाजा बजाउने र कुनै सार्वजनिक सूचना दिन कसाइ बाजा बजाएर टोलटोलमा सूचना जाहेरी गर्ने, घाटमा शव लाने क्रममा एकोहोरो शोक धुनमा कसाई बाजा बजाउने काम समेत यिनीहरूबाट नै गर्ने चलन थियो । पहिला घर घरमा बच्चा जन्मिदा नाबालकको नाभी काट्न जाने काम पनि हुन्थ्यो ।

कपाली डों, कसाई वर्गलाई अमालकोट कार्यालयमा उनीहरूको काम वापत खाञ्ची दस्तुर दिने व्यवस्था पनि थियो । कसाई (साइ) वर्गबाट आफ्नो दैनिकी पेशाको रूपमा देवदेवी स्थानमा पूजा गर्दा बलि दिने, पशु पक्षी, राँगो, बोका, भेडा, कुखुरा, हाँस, माछा र खसी काटी तिनको मासु बेच्ने गरिन्छ । यी जातका मानिसहरू इटाटोलको तल, बालकुमारी मन्दिर अगाडि, मित्रपार्क वरिपरि बस्ती बसाली बसेका छन् । गुरू दक्षिणामूर्ति मन्दिर पछाडि बस्तीमा पनि छन् ।

९) पोडे (देउला) र च्यामे (नेपाली)

पोडे (देउला) र च्यामे(नेपाली) नवौं वर्णका जातमा पर्दछन् ।

क) पोडे (देउला) वर्ण :

यस वर्गबाट यहाँको गाउँ टोलको डवली, चउर, बाहिरी भित्री सार्वजनिक सडक बढारी सफा गर्ने काम हुने गर्दथ्यो । बढारेको फोहर कसिंगर झारपातबाट कम्पोष्ट मल तयार गर्ने र त्यसरी तयार मललाई खेतबारीमा प्रयोग गरी कृषि उब्जाउको काममा किसानलाई मद्दत गर्ने कार्य समेत हुन्थ्यो । पिंगलास्थान माताको मन्दिरमा द्यें पाला बसी मन्दिरको सफाइ गर्ने र त्यहाँ चढाएका भवानीको प्रसाद बाढेर खाने गर्दथे ।

यहाँको स्थानीय जात्रा पर्वमा आफूले जानेका बाजा बजाउने, नाचगान गर्ने र असारमा गङ्गामाईको जात्रा गर्न खट बनाउन गुठीलाई जानेको कार्यमा सहयोग गरी सेवा

गर्ने जातिहरू हुन् । पेशाका रूपमा कुचिकारको दरवन्दीमा रही यस क्षेत्र भित्रको सडक चोक कार्यालयमा सफाइको काम गर्दैआएका छन् । यी जातिहरूको प्राचीन वस्ती ग्वल शहरको इटाटोल हो ।

ख) च्यामे (नेपाली) वर्ग : यो समाजबाट नदी, तीर्थ र घाटको सफाइ गर्ने गरिन्थ्यो । घाटमा ल्याएका लाश, विरामीको फुकालेका कपडा, घाट पेटीबाट उठाउने लाश जलाई छोडेको चित्ताको खरानी फोहर र त्यस वरिपरि पेटी किनारामा फ्याँकेको बाँकी दाउरा, पराल अन्य कसिंगर समेत बेलाबेलामा उठाइ सफा गर्ने गरिन्थ्यो । घरघर बस्तीमा सार्वजनिक ढल नभएको बेला ती घरघरको शौचालयको फोहर उठाइ कम्पोष्ट मलमा परिणत गरी नजिकको खेतबारीमा मल राखी सामाजिक सेवाको कार्य समेत हुने गर्दथ्यो ।

घाट सफा गरी आएको आम्दानीको करको रूपमा चैत महिनामा बच्छलेश्वरी माताकहाँ कालरात्रि पूजा, गनध्वं गुठीलाई बाँस, बावियोबाट बनेको मान्द्रो, भलिंन्च, डालो, माटोबाट बनेको घ्याम्पो, सानो सानो घैंटो बुझाउनु पर्दथ्यो । यस जातिले पेशा व्यापारको रूपमा हाँस, सुँगुर पालन गर्ने गर्दथे । यी जातिले पनि देउला समुदायले जस्तै शहरी क्षेत्रको सरसफाइको कार्य पनि गर्दछन् ।

इटाटोलमा बस्दैआएका यी दुवै जातिहरू त्यसबेलाका राणा शासक श्री ३ महाराजको हुकुमी आदेश अनुसार वस्ती स्थानन्तरण गरी वि.सं. १९९०-९५ देखि वागमती पारि तिलगंगा नदी किनारमा गरी बस्ती बसालेर रहँदैआएका छन् ।

यी नौ वर्ण प्रायः चार चार कवल (समूह)मा छन् । जस्तै भण्डारी, वैद्य, विशेत, डंगोल, महर्जन, नापित, शाक्य, बज्राचार्य, श्रेष्ठ, मानन्धर, कपाली, कसाई, संगत, पोडे, च्यामेहरू एक कवल हुन् भने कर्माचार्य, जोशी र काररञ्जित दुई कवल देखिन्छन् । राजोपाध्याय, डों (साँडे) वर्ण एक एक कवल मात्र रहेको देखिन्छ । यी नौ जातजातिहरू यहाँको स्थानीय जात्रा, परम्परागत पर्व पूजा, मेला सञ्चालनका समयमा कहिं न कहिं स्थानीय लालमोहरीमा रैथाने आदिवासीको रूपमा संलग्न हुने गर्दछन् ।

यहाँका नौ टोलहरू :

१) नवालीटोल- गोलढुङ्गा टोल (पुरानो नाम), भण्डारेश्वर महादेवसम्म ।

२) जयवागेश्वरी टोल- क्वाको टोल (पुरानो नाम), जयवागेश्वरी चोकदेखि ।

३) दःथु टोल- ज्यूना टोल (पुरानो नाम), कुँछेंसम्म

४) पाचाटोल- वान्ने टोल (पुरानो नाम), भीमसेनचोकसम्म

५) पशुपति बजार पश्चिम गेट- लगनलाछी टोल (पुरानो नाम) ।

६) झम्केश्वरी टोल- कोलाछी टोल (पुरानो नाम), बज्रघरसम्म

७) भुवनेश्वरी चोक क्षेत्र- भकूँटोल (पुरानो नाम), बालकुमारी मन्दिरसम्म ।

८) इटाटोल- वि. टोल (पुरानो नाम), डाँडा माथिको वस्ती

९) चारुवहाल मित्रपार्क क्षेत्र- करटोल (पुरानो नाम), भगवानस्थान ।

यसप्रकारले नौ वटा टोलमा नौ वर्णका जातिहरूलाई व्यवस्थित रूपमा बसाली देवपत्तन नामाकरण गरी शहरको स्थापना गरेको पाइन्छ । यो शहर ग्वःल (देवपत्तन) सत्ययुगदेखि धार्मिक तीर्थको रूपमा नेपालको र विश्वका हिन्दु (ओमकारजन)हरूको ऐतिहासिक शहर पनि हो । यहाँको अमूल्य निधिको रूपमा रहेको मानववस्ती यहाँको धर्म, संस्कृति परम्परालाई सधैं जीवन्त राख्ने कोशिस सबैको तर्फबाट जागृत भइरहनुपर्दछ । ती बस्तीका सबै सम्पदा तथा धरोहरलाई सबै क्षेत्रबाट संरक्षण दिइरहनु पर्दछ । यस्तो ऐतिहासिक बस्ती समयक्रमसँगै विलीन नहोस् भनी गम्भीरतापूर्वक सोच्नु पर्दछ ।

यो ग्वल नामक ऐतिहासिक शहर अन्तर्गत हाल काठमाडौं महानगरपालिका- ८ पशुपति क्षेत्र र वडा नं- ७ चावहिल चन्द्र विनायक मुख्य पुरानो बजारसम्मको क्षेत्र पर्दछ । चावहिलको चन्द्रविनायक जात्रा र पशुपतिको बच्छलेश्वरी जात्राको खट परिक्रमा गर्ने बाटोका लागि चोक बस्तीमा रेखाङ्कन गरी स्पष्ट क्षेत्र छुट्याउनाले परम्परागत संस्कृति जात्रा पर्वले नै निष्पक्ष दिशा निर्देश गरेको पाइन्छ ।❖

-पशुपति, काठमाडौं

जयवागेश्वरी मन्दिर भक्तजनलाई खुला

भूकम्पले क्षतिग्रस्त पशुपति क्षेत्रको जयवागेश्वरी मन्दिरको पुनःनिर्माण सम्पन्न हुनुका साथै दर्शनका लागि सर्वसाधारणलाई खुला गरिएको छ । विसं २०७२ वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त मन्दिर पुनःनिर्माण सम्पन्न पश्चात माघ २० गते बिहान क्षमापूजासहित प्राण प्रतिष्ठा गरेर सर्वसाधारणका लागि खुला गरिएको हो । मन्दिर खुला गर्ने क्रममा कन्याकुमारी र त्रिदेवीको पनि पूजा गरिएको थियो ।

तीन करोड १४ लाख रूपैयाँ लागतमा पुनर्निर्माण सम्पन्न सो मन्दिर विश्व सम्पदा सूचीमा सूचिकृत स्थलमा भएकाले प्राचीन स्मारक संरक्षण ऐन अनुसार पुनर्निर्माण गरिएको छ । कोषले पहिलोपटक २०७२ जेठ ४ गते एड्भेन्चर टुर एण्ड ट्राभलका सञ्चालक कल्याण शर्मालाई पुनःनिर्माणको सैद्धान्तिक स्वीकृति दिएको थियो । शर्माले मापदण्ड अनुरूप पुनर्निर्माण गर्न नसकेपछि २०७४ सालमा सम्झौता रद्ध गरिएको थियो ।

जीर्ण मन्दिर भत्काउने क्रममा मन्दिरभित्र भैरव लगायत विभिन्न देवी देवताका चित्र, तीन गजुरको मन्दिर लगायत संरचना भेटिएपछि पुरातत्त्वविद्, संस्कृतिविद् लगायत विज्ञको समिति गठन भएको थियो । समितिले माटोको जोडाइबाट मन्दिर पुनःनिर्माण गर्नुपर्ने सिफारिससहितको प्रतिवेदन दिएको थियो । सोही अनुसार दुई वर्षमा पुनःनिर्माण सक्ने गरी गत २०७५ माघमा कोष र तुलसी कन्स्ट्रक्सनबिच सम्झौता भएको थियो । हाल माटोको जोडाइबाट मन्दिरको पुनर्निर्माण गरिएको छ साथै भित्र भेटिएका चित्र यथावत् राखिएको छ ।

विविध महिमायुक्त जयवागेश्वरी मन्दिरमा सती प्रथा रहुञ्जेल राजा महाराजाको निधनमा सती जाने रानीहरूको गरगहना सबै चढाइने गरिन्थ्यो भन्ने स्थानीयहरूको भनाइ छ ।

तीन मन्दिर सहित वडा भवनको शिलान्यास

कामपा ८ मा अवस्थित मृत्युञ्जय महादेव, ब्रह्मा र स्वर्ण गणेश सहित वडा कार्यालय भवनको शिलन्यास गरिएको छ । काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह र कामपा वडानं ८ का अध्यक्ष आशामान संगतले गत माघ १२ गते श्रीपञ्चमीको पावन अवसरमा संयुक्तरूपमा शिलान्यास गर्नुभएको हो ।

पशुपति क्षेत्र अधिग्रहणका क्रममा करिब २५ वर्षअघि वडा भवन भत्काइएको थियो । वडा भवन भत्काइएपछि हाल पशुपति क्षेत्र विकास कोषअन्तर्गतको अमालकोट कचहरी कार्यालय रहेको स्थानमा वडा कार्यालय सञ्चालन भइरहेको छ । नयाँ भवन त्यससँगैको नेपाल वेद विद्याश्रमको नाममा रहेको जग्गामा बनाउन लागिएको हो ।

तीन वर्षअघि तत्कालीन महानगर प्रमुख विद्यासुन्दर शाक्यले पनि भवन शिलान्यास गर्नुभएको थियो । वेद विद्याश्रमले विरोध गरेपछि काम रोकिएको थियो । यसपटक भने कोषले निर्माण गर्न पत्र नै दिएपछि शिलान्यास गरिएको हो । वेद विद्याश्रम कोषअन्तर्गत सञ्चालनमा रहेको छ ।

मन्दिर एवम् वडा भवनको शिलन्यास पछि आयोजित संक्षिप्त कार्यक्रममा महानगर प्रमुख शाहले कोषले वडा भवन निर्माणका लागि जग्गा उपलब्ध गराएकामा धन्यवाद दिनुभयो । उहाँले तोकिएकै समयमा भवन निर्माण हुने र नयाँ भवन बनेपछि वडा कार्यालयको सेवा प्रवाह सहज हुने विश्वास व्यक्त गर्नुभयो । विश्वसम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्र रहेको पवित्र तीर्थस्थल भएकाले पनि यो महत्त्वपूर्ण स्थान भएको उहाँको भनाइ थियो । सम्पदा क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्दै नेपालकै गौरवशाली पवित्र तीर्थस्थलका रूपमा विकास गर्न महानगरले काम गर्ने उहाँको प्रतिबद्धता थियो । कोष र महानगरपालिका सँगसँगै मिलेर अगाडि बढ्नुपर्नेमा समेत उहाँले जोड दिनुभयो ।

कार्यक्रममा वडाध्यक्ष आशामान सङ्गतले लामो समयको प्रयासपछि वडा नं ८ ले भवन बनाउन जग्गा पाएकामा खुसी व्यक्त गर्नुभयो । नक्साअनुसार सांस्कृतिक तथा मौलिकतायुक्त भवन बन्ने उहाँले बताउनुभयो ।

राममूर्ति निर्माणका लागि शिला हस्तान्तरण

भारतमा निर्माणाधीन राम मन्दिरमा रामको मूर्ति बनाउन नेपाल सरकारका तर्फबाट म्याग्दीको गलेश्वरधाम कालीगण्डकीका दुई देवशिला औपचारिक रूपमा हस्तान्तरण गरिएको छ । म्याग्दीको बेनी नगरपालिका-६ ठूलोपहिरोस्थित कालीगण्डकी नदी किनारबाट निकालिएको २४ र १४ मेट्रिकटन तौलका, सात फिट लम्बाइ, पाँच फिट चौडाइ र तीन दशमलव पाँच फिट मोटाइका ती दुई देवशिला आठ दिन लगाएर अयोध्या पुऱ्याइएको थियो । शिलाविज्ञ एवम् कालीगण्डकी अभियन्ता डा. कुलराज चालिसेका अनुसार पुरातात्त्विक सर्भेका आधारमा ती शिलाहरू ६ करोड वर्ष पुरानो भएको पुष्टि भएको छ ।❖

फागुपर्व सभ्य रुपमा मनाऔं !

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं ।
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं ।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं ।
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

चाडपर्वलाई मौलिक रुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं ।
देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ ।

THE VEGGIE THALI
Pashupati, Ktm, 9821976392
Thali
MO:MO
Chowmein
Tea/Coffee
& many more hygienic vegetable foods are available here
INDIAN | SOUTH-INDIAN | NEPALI | CHINESE
Catering facilities also available here

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution
"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

CG
बनौं आदर्श नागरिक
वाइ वाइ
जसले अरुको भलाईमा आफ्नो खुशी खोज्दछन् उसलाई वाइ वाइ सलाम गर्दछ ।
#banauaadarshnagarik
#बनौंआदर्शनागरिक

महाशिवरात्रि- २०७९

का अवसरमा भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ पाल्नु हुने भक्तजनहरुलाई अनुरोध !

१.भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ पाल्नु हुने दर्शनार्थीहरूले बहुमूल्य गर-गहना लगाएर नआउनु हुन अनुरोध छ ।

२.मन्दिर आउंदा झोलाहरू सकभर नल्याउनु हुन र पशुपति क्षेत्रको मापदण्ड बमोजिम प्लाष्टिक झोला, कप, प्लेट आदिको प्रयोग निषेध गरिएकोले त्यस्ता सामानको प्रयोग नगरिदिनु हुन अनुरोध छ ।

३.दुध, गंगाजल जस्ता सामाग्रीका लागि टुट-फूट हुने कांच(सिसा)का भाँडा प्रयोग नगरिदिनु हुन अनुरोध छ ।

४.श्रद्धालु भक्तजनहरूको सुविधाको लागि दर्शनमार्ग पिच्छे छुट्टाछुट्टै स्थानमा जुत्ता-चप्पल सुरक्षा कक्षको व्यवस्था गरिएकाले तोकिएको कक्षमा जुत्ता-चप्पल राखेर मात्र मन्दिर प्रवेश गरिदिनु हुन अनुरोध छ ।

५.आराध्यदेव भगवान् श्रीपशुपतिनाथको दर्शन गरिसकेपछि छिटो भन्दा छिटो मन्दिर परिसर बाहिर निस्किदिनु भई भिड हुन नदिन सहयोग गर्नुहुन अनुरोध छ ।

६.श्रीपशुपतिनाथका मन्दिर प्राङ्गणमा सबै प्रकारका मोवाइल फोन, क्यामरा आदि सामाग्रीको प्रयोग निषेध गरिएको व्यहोरा सम्पूर्ण भक्तजनहरूमा सादर अनुरोध गरिन्छ ।

७.छालाका सामान, जुत्ता, चप्पल, ज्याकेट, कम्मरपेटी लगाएर मन्दिरमा प्रवेश निषेध भएकोले त्यस्ता सामानहरू तोकिएको सुरक्षित स्थानमा राखेर मात्र मन्दिर दर्शन गर्नुहुन अनुरोध छ ।

८.पाकेटमारादेखि सावधान रहनुहोला र आफ्नो सामानको सुरक्षा आफै गर्नुहोला ।

९.कुनै पनि तीर्थयात्री अस्वस्थ भएमा स्वास्थ्य शिविरमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

१०. कुनै सामान वा व्यक्ति हराएमा तुरून्त प्रहरी शिविर वा खोजखबर कक्षमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

११. तीर्थयात्रीहरूलाई कुनै समस्या आइ परेमा तुरून्त स्वयंसेवक र सुरक्षाकर्मीसँग सम्पर्क गनुहुन अनुरोध छ ।

१२. मन्दिर र मेला क्षेत्रलाई स्वच्छ र सफा राख्न जथाभावी फोहोर नगरौं, निर्दिष्ट स्थानमा रहेका शौचालयहरूको प्रयोग गर्नुहोला ।

१३. शारीरिक रूपमा असक्त, जेष्ठ नागरिकहरूलाई सहज दर्शनको निम्ति सहयोग पुऱ्याइ दिनुहुन अनुरोध छ ।

१४. मन्दिर दर्शनको निम्ति कुनै प्रकारको विशेष टिकट या पासको व्यवस्था नगरिएको हुँदा पङ्तिबद्ध भएर दर्शन गरिदिनुहुन भक्तजनहरूमा अनुरोध छ ।

१५. पङ्तिबाट दर्शन गर्दा समेत अरूको अधिकारको हनन हुने व्यवहार नगर्नुहुन अनुरोध छ ।

पवित्र तीर्थस्थलको मर्यादा कायम गर्न सबैले सहयोग गरौं

पशुपति क्षेत्र विकास कोष
गौशाला, काठमाडौं,